अभियान साप्ताहिक वेबसाइडमा पनि
www.abhiyanweekly.com

# अभियान

ABHIYAN WEEKLY साप्ताहिक

abhiyan.weekly@yahoo.com

वर्ष : ३४ / अंक : २३ / २०७३ माघ ७ गते शुक्रबार / 20 Jan., 2016 / मूल्य रु. १०/-

## सांसदको मूल्य ५ करोड ?

काठमाडौं । जसरी पनि संविधान संशोधन प्रस्ताव पारित गराएरै छाड्ने प्रधानमन्त्री पुष्पकमल दाहाल र कांग्रेस सभापति शेरवहादुर देउवाको रणनीतिअनुसार प्रति सांसद ५ करोडका दरले किनेर दुई तिहाई पुर्‍याउने र संशोधन प्रस्ताव पारित गरेर निर्वाचन घोषणा गरिनेछ । जसरी भनेको यसरी रहेछ । यसको रहस्योद्‌घाटन भारतीय दूतावासको र कांग्रेसी सांसद अमरेश कुमारको सक्रियताबाट भएको छ । संसाद अव खसी बजार हुनेभयो । खसीको ह्याकुल्ला हेरेर कसाईले किनेर मुनाफा कमाएझैं प्रचण्ड र देउवाले प्रतिपक्षी सांसदको ह्याकुल्ला हेरेर खरिद गर्ने चाँजो मिलाउन थालेका छन् ।

पहिले पनि प्रचण्डले सांसद खरिद गरेर सरकार टिकाउन कृष्णबहादुर महरालाई चीनसँग ४० करोड माग्न पठाएकै हुन् । बहुदलीय कालमा देउवाले सांसदहरूलाई होटलमा थुनेर र बैंककसम्म पठाएर जम्बो सरकार टिकाएकै हुन् । यी घ्यू बेचुवा र तरवार बेचुवाका लागि नीति र नैतिकताभन्दा सत्ता ठूलो छ, राष्ट्रभन्दा शक्तिको महत्व बढी छ । यी दुबै सत्ता र शक्तिका लागि जति पनि गिर्न र जे पनि गर्न तयार हुनथालेका छन् ।

## ग्यासमा भ्याट हटाउ



काठमाडौं । राप्रपाको नेतृत्वमा रहेको आपूर्ति मन्त्रालयले खाना पकाउने ग्याँसमा लाग्दै आएको भ्याट हटाउने गृहकार्य थालेको छ । ग्यासको मूल्यमा लगाइने म्याटमा सर्वासाधारण उपभेक्ता र होटल, रेष्टुराँ व्यवसायीबीच विभेद भएको निष्कर्ष मन्त्रालयले निकाल्दै भ्याट हटाउन मन्त्रालयले लविङ सुरू गरेको हो हाल नेपाल आयल निगमले प्रतिसिलिण्डर ग्याँसको मूल्य १३ सय २५ रूपैयाँ कायम गरेको छ, जसमा १सय ४८ रूपैयाा ७५ पैसा भ्याट लाग्दै आएको छ ।

ग्यासमा लागेको भ्याट होटल व्यसायीहरूले फिर्ता पाउने भएपनि सर्वसाधारण जनताले भ्याट फिर्ता पाउन सक्ने अवस्था नभएपछि आम उपभोक्ता लागत मूल्यमै ग्याँस खरिद गर्न बाध्य भएका छन् ।

अन्तर्राष्ट्रिय बजारमा ग्यासमा भ्याट छुन दिइने भएपनि यहाँ भने भ्याट लगाइएको छ । खाना पकाउने

>>> बाँकी ८ पेजमा



## राजनीतिक र कूटनीतिक वृत्तमा
# पूर्वराजाको सनसनी

विहेको भन्दा, राष्ट्रपति र सरकारको भन्दा, कूटनीतिक वृत र अन्य निम्तालुको भन्दा बढी चर्चा पूर्वराजाको सादगी, संस्कारको भयो ।

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले पूर्वराजा ज्ञानेन्द्र शाहलाई छोरीको बिहेको निम्तो पठाइन्, पूर्वराष्ट्रपति डा.रामवरण यादवले नातीको विहेको निम्तो दिएनन् । शायद त्यसै भएर जन्तीका साथमा शितल निवास पुगेका पूर्वराष्ट्रपतिले पूर्वराष्ट्राध्यक्ष ज्ञानेन्द्र शाहका सामु पर्ने हिम्मत नै गरेनन् । दाम राखेर ढोगभेट गर्ने एमालेका बरिष्ठ नेता माधव कुमार नेपाल र पूर्वराजाको आँखा जुध्यो, तर माधव नेपाल अगाडि नपरी तर्किए ।

छोरीको विहेको निम्तोमा सहभागी हुनैपर्ने र आशीर्वाद दिनैपर्ने हिन्दू संस्कार छ । त्यही संस्कार मान्नका लागि पूर्वराजा शितल निवास पुगे, बरवधुलाई आशीर्वाद दिए । राष्ट्रपति विद्यादेवी भण्डारीले नमस्कार गरिन्, पूर्वराजाले नमस्कार फर्काए । फोटो सेसन भयो, पूर्वपञ्चहरूको राउण्ड टेबुलमा २० मिनेट बसेर एक कप चिया पिएर पूर्वराजा फर्किए ।

खबर यत्ति हो तर पूर्वराजा शितल निवास पुगेको दृश्य भाइरल भयो । विहेको भन्दा, राष्ट्रपति र सरकारको भन्दा, कूटनीतिक वृत्त र अन्य निम्तालुको भन्दा बढी चर्चा पूर्वराजाको सादगी, संस्कारको भयो । पूर्वराजाको मान मर्दन गर्न निम्तो पठाइएको हो अथवा पूर्वराष्ट्राध्यक्षको हैसियतमा निम्तो पठाइएको हो, निम्तो पाएका पूर्वराजाले सबै राजनीतिक विभेद र निषेधका घटनाक्रम पैतालामुनी राखेर विहेमा सरिक भए । यसरी पूर्वराजाको कद बढ्‌यो, सम्मान बढ्‌यो, राजनेतामा हुनुपर्ने गुण पनि देखियो ।

पूर्वराजाको सम्मान बढ्‌यो, उनी सानो भएनन् । नेपालीत्व भनेको यही हो ।

>>> बाँकी ८ पेजमा



## न्यायपरिषद् नै विवादको घेरामा

काठमाडौं । भागवण्डाकै आधारमा न्यायपरिषदले उच्च अदालतका लागि ८० जना न्यायाधिसहरूको सिफारिस गरेपछि चौतर्फी रूपमा त्यसको विरोध भएको छ । सरकारी वकिलहरूले समेत न्यायाधीस सिफारिस गर्दा आफूहरूलाई पुरै निषेध र मानमर्दन गरेको भन्दै निर्णय तत्काल सच्याउन माग गरेका छन् । तर न्यायपरिषद्‌बाट सिफारिस भएका न्यायाधीसले नियुक्तीपत्र समेत बुझिसकेका छन् ।

प्रधानमन्त्री पुष्पकमल दाहालको सिफारिसमा नियुक्त भएका महान्यायाधीवक्त रमनकुमार श्रेष्ठको उपस्थितिमै सरकारी वकिलको केन्द्रिय संगठनले एक कार्यक्रम गर्दै न्यायाधिस सिफारिसको विषयमा

>>> बाँकी ८ पेजमा

## ह्वीप उल्लघंन हुन्छ ?

काठमाडौं । कांग्रेस, माओवादी केन्द्रबीच भएको सहमति अनुसार संविधान संशोधनको प्रस्ताव मंसिर १४ गते मध्यरातमा संसदमा दता भएको र विपक्षी दलहरूको विरोधका बाबजुद पुस २४ गते संसदमा टेबल भएपनि उक्त प्रस्ताव पारित हुनसक्ने सम्भावना न्यून रहेको छ । कांग्रेसका केही सांसदहरूले प्रदेश नं. ५ का केही जिल्लाहरूलाई त्यस प्रदेशबाट हटाउने निर्णयविरूद्ध कांग्रेसकै सांसदहरूले विरोध जनाउँदै सडक आन्दोलनमा गएका जनतालाई साथ दिइरहेका छन् ।

गुल्मी क्षेत्र नं. २बाट निर्वाचित भएका कांग्रेसका सांसद चन्द्र भण्डारी र रोल्पाका सांसद अमर पुनले हालै बुटबलमा पत्रकार सम्मेलन नै गरेर संविधान संशोधन



प्रस्तावको विपक्षमा आफूहरूले मत हाल्ने बताएका छन् । उनीहरूले पार्टीहरूले ह्वीप जारी गरेपनि त्यस्तो ह्वीपलाई अस्वीकार गर्ने बताएपछि त्यसक्षेत्रका बासिन्दाले सांसदलाई भव्य स्वागत गरेका थिए । स्मरणरहोस् भण्डारी लामो समयदेखि संविधान संशोधनको विपक्षमा जनतासँगै सडक आन्दोलनमा रहेका छन् । उक्त पत्रकारसम्मेलनमा बोल्दै सांसद भण्डारीले भने आफूले पार्टी सभापति शेरबहादुर देउवाले भनेको सबै मान्ने तर, दुई सेकेण्ड भोट हाल्न नमान्ने बताएका थिए । कांग्रेसका केन्द्रिय सदस्यसमेत रहेका भण्डारीले आफूसधैं जनताको पक्षमा रहेको र रहने बताउँदै कांग्रेसले हालसम्म

>>> बाँकी ८ पेजमा

## राप्रपा भन्छ : तीन दलले राजतन्त्र फर्काउने भए



राप्रपाका अध्यक्ष कमल थापाका माउथ पिस भनेर चिनिने प्रवक्ता दिलनाथ गिरीले घोषणा गरिदिएका छन्- तीन दल मिलेर राजतन्त्र पुनर्स्थापन ागर्ने भए । अव राजतन्त्र फर्किन कसैले रोकेर राख्न सक्दैन ।

राप्रपा र राप्रपा नेपालको एकीकरणबाट झन ठूलो शक्ति बनेको राप्रपाको निष्कर्ष छ- यस्तै हाँसको न कुखुराको चालको

>>> बाँकी ८ पेजमा

# मधेसी मोर्चा पनि विरोधमा

काठमाडौं । सरकारले मंसिर १४ गते मध्यरातमा संसदमा दर्ता गरी पुस २४ गते टेवल भएको संविधान संशोधन प्रस्तावलाई परिमार्जन गर्न संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले दबाब दिने भएको छ । मोर्चाले संविधान संशोधन प्रस्तावलाई परिमार्जनसहित पारित गराउन दबाब दिने निर्णय गर्दै सरकारसँग गरेको सहमति अनुसार संविधान संशोधन प्रस्ताव पारित गर्नुपर्ने निर्णय समेत गरेकोछ । मधेसी, आदिबासी, जनजाति, महिला लगायतको हित हुनेगरी विधेयक परिमार्जन गरी पारित गर्नुपर्ने मोर्चाले जनाएकोछ ।

मोर्चाले आफूहरूले सरकारलाई बुझाएको सूचीमा रहेका व्यक्तिहरूलाई





सहिद घोषणा गर्नुपर्ने राज्यपक्ष द्वारा लगाइएका मुद्दा फिर्ता लिनुपर्ने र बाँकीरहेका घाइतेहरूको उपचार खर्च दिइनुपर्ने, अपांग भएकाहरूलाई जीवनभर भरणपोषणको व्यवस्था गर्नुपर्ने, आन्दोलनकारीलाई क्षतिपूर्ति दिनुपर्ने र आन्दोलनमा घाइते भएकाहरूलाई सम्मान प्रदान गर्नुपर्ने निर्णय गर्दै सरकारलाई त्यसै अनुरूप गर्न आग्रह समेत गरेको छ । पछिल्लो समयमा केही दलहरूले मधेसी मोर्चालगायतका मधेसवादी शक्तिविरूद्ध षड्‌यन्त्रपूर्वक लाञ्छना लगाएको ठहर गर्दै त्यस्तो झुठो सूचना दिनेलाई कानुनी कारबही गर्न माग समेत गरेको छ ।

>>> बाँकी ८ पेजमा

# IOK : India's Occupying Power Role?

By : Afzl

INDIAN security and paramilitary troops have been constantly killing/targeting the young Kashmiris. Sadly enough, ruthless India's role as an occupying power in Kashmir is being overlooked by the international community. India commits human rights violations without any remorseful feeling. The Indian army, Special Task Force, Border Security Force, and village defence committees, including the principal government forces — who operate in Jammu and Kashmir — have systematically violated the fundamental norms of international human rights law.

The callous indifference of the West with regard to decades-old Indian atrocities against the people of Kashmir despite the documented proof of incidences of torture, disappearances, encounter killings, rapes, and outright massacres—ought to cast shame on the dead conscience of the western and international community. Since the very resurgence of Kashmir freedom movement in 1989, approximately, 98,000 Kashmiris have been killed. This situation is by all means is a conflict, a euphemism for a military occupation that the UN and international law has clearly adjudicated on many decades ago; but India's constant intransigence accompanied by its refractory state policies has caused great harm to the human rights regime.

Arguably, article 42 of the 1907 Hague Regulations (HR) states that a territory is considered occupied when it is de facto placed under the authority of the hostile army. The occupation extends only to the territory where such an authority has been established and can be exercised. The Article 2 of four Geneva Conventions of 1949 says that it can be virtually applied to any territory occupied during international hostilities. They can also be applied in situations where occupation of state territory meets with no armed resistance.

Indisputably, the legality of any particular occupation is regulated by the UN Charter and the law known as jus ad bellum. Once a situation exists which factually amounts to an occupation the law of occupation applies – whether or not the occupation is considered lawful. Therefore, for the applicability of the law of occupation it makes no difference whether an occupation has received Security Council approval— what its aim is, or indeed whether it is called an invasion, liberation, administration or occupation. International humanitarian law, does apply when there is a situation of international and internal armed conflict.

Put fairly, the rules— of international humanitarian law (IHL) relevant to occupied territories— become applicable whenever territory comes under the effective control of hostile foreign armed forces, even if the occupation meets no armed resistance and there is no fighting. The question of control erects at least two different interpretations: Firstly, it could be taken to mean that a situation of occupation exists whenever a party to a conflict exercises some level of authority or control within foreign territory. So, for example, advancing troops could be considered bound by the law of occupation already during the invasion phase of hostilities. This very approach is suggested in the ICRC's Commentary to Fourth Geneva Convention (1958).

Secondly, an alternative and more restrictive approach would advocate that a situation of occupation exists only once a party to a conflict is in a position to exercise sufficient authority over enemy territory to enable it to discharge all of the duties imposed by the law of occupation. This approach is fostered and applied by a number of military manuals. The IHL is virtually applicable to the conflict in Kashmir by invoking article 3 common to the four Geneva Conventions of August 12, 1949. Common Article 3 provides international law and standards governing the conduct of parties in an internal armed conflict, including government forces and insurgents.

''Common Article 3 provides that:(1) Persons taking no active part in the hostilities, including members of armed forces who have laid down their arms and those placed hors de combat by sickness, wounds, detention, or any other cause, shall in all circumstances be treated humanely, without any adverse distinction founded on race, colour, religion or faith, sex, birth or wealth, or any other similar criteria.(2) The wounded and sick shall be collected and cared for''. To this end, the acts of violence to life and person are prohibitd.

Torture, hostage-taking, rape, mutilation, and forced disappearances have all been prominent abuses in the Kashmir conflict, and it is true that Common Article 3 forbids each of them. Rape also violates the ICCPR and Common Article 3 prohibitions on torture. Nevertheless, given the situation— in Doda district and in other border regions militant forces regularly engage Indian army troops, and the size of the armed forces deployed on both sides— suggests that international humanitarian law may still apply.

In the light of herein- above mentioned arguments, it appears an indisputable truth that Kashmir remains under draconian Indian tutelage. Has not been India convulsing under a legal and moral turpitude by committing human rights violations— in Kashmir—that have been intrinsically decaying any concept of right and wrong, respect for the rule of law and any notion of what constitutes an ethical state responsibility of granting leeway to its citizens? Should not the western and international civic and legal organisations take a serious note of these Indian transgressions?

A western silence on this issue is virtually reminiful of the fact: that insofar as the brutal Israeli occupation of Palestine seems to be forgotten amidst the cleavages and destruction that Western interventions and machinations have created in West Asia and North Africa (WANA), the Indian occupation of Kashmir led by lethal use of arms against thousands of Kashmiris in South Asia is ironically obscured and neglected by American imperial hegemony which paved the way for regional conflicts and rivalries.

## 'सस्तो दरमा फोरजी चलाउन पाउनुपर्छ'

काठमाडौं । सूचना तथा सञ्चार मन्त्रालयका सचिव महेन्द्रमान गुरूङले सस्तो दरमा नेपालीले फोरजी प्रविधिको इन्टरनेट चलाउन पाउनुपर्ने बताएका छन् । नेपालका सबै ठाउँमा फोरजी सेवा पुऱ्याउने मन्त्रालयको धारणा रहेको पनि सचिव गुरूङले बताए । प्रविधिको प्रयोगबाट कसैलाई पनि वञ्चित गराउन नहुने भन्दै उनले सबै ठाउँमा फोरजी पुऱ्याउनुपर्ने मान्यता मन्त्रालयको रहेको बताएका छन् । व्यवस्थापिका–संसद्को सार्वजनिक लेखा समितिको बैठकमा उनले संसारमा विकास भइरहेका नयाँ प्रविधि अंगीकार गर्नुपर्ने पनि बताए ।

बैठकमा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष दिगम्बर झाले एनसेल खरिद–बिक्रीमा लाग्ने पुँजीगत लाभकर निर्धारणसहितको आधिकारिक जानकारी प्राधिकरणलाई प्राप्त नभएको बताए । एनसेलका तत्कालीन स्थानीय साझेदारका तर्फबाट २० प्रतिशतको कर प्राप्त भए पनि बाँकी ८० प्रतिशतको लाभकरको विषयमा कर निर्धारण हुन नसकेको उनको भनाइ थियो । निजी क्षेत्रको प्रवेशले दूरसञ्चार सेवाको पहुँच बढाउन सहयोग पुगेको उनले बताए । प्राधिकरणसमक्ष दूरसञ्चार सेवा प्रदायक कम्पनीहरूले 'रोल आउट प्लान' बुझाएको भन्दै त्यसको अध्ययन गरेर मात्रै फोरजी सञ्चालनको अनुमति दिइने पनि बताए ।

बैठकमा सांसदहरूले एनसेल खरिद–बिक्रीबापतको पुँजीगत लाभकर सरकारलाई प्राप्त नभएसम्म फोरजी सञ्चालन तथा अन्य प्रवर्द्धनात्मक योजना स्वीकृत नगर्न माग गरेका छन् । एनसेलको खरिद–बिक्रीमा अझै आर्बौं कर चुक्ता नभएको भन्दै उनीहरूले कर चुक्ता प्रमाणपत्र बुझाएपछि मात्रै एनसेललाई फोरजी अनुमति दिनुपर्ने बताएका हुन् । सांसद रामहरि खतिवडाले सरकारले पुँजीगत लाभकर नपाएको भन्दै कर नतिरेसम्म थप सुविधा दिन नहुने बताए । सांसद राजन केसीले एनसेल खरिद–बिक्रीबापत राष्ट्रिय ढुकुटीमा आउनुपर्ने रकम नआएकाले पहिले यसको टुंगो लगाउनुपर्ने बताए ।

## एनएमबीले दियो महानगरीय ट्राफिक प्रहरी महाशाखालाई ड्रोन

एनएमबी बैंकले सिआरएसअन्तर्गत महानगरीय ट्राफिक प्रहरी महाशाखालाई ड्रोन सहयोग उपलब्ध गराएको छ । यसबाट महानगरीय ट्राफिक प्रहरीको प्राविधिक क्षमता अभिवृद्धिमा थप सहयोग पुग्ने विश्वास बैंकले लिएको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाको प्रधान कार्यालय, सिंहदरबारमा आयोजित कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत उपेन्द्र पौडेलले प्रहरी नायब महानिरीक्षक प्रकाश अर्याललाई ड्रोन हस्तान्तरण गरेका थिए ।

हस्तान्तरण कार्यक्रममा महानगरीय ट्राफिकद्वारा ड्रोन परीक्षण उडान पनि गरिएको बैंकले जनाएको छ । सिइओ पौडेलले ट्राफिक प्रहरीले ट्राफिक नियम र प्रणालीलाई अन्तर्राष्ट्रिय मूल्य–मान्यताअनुरूप सुदृढ बनाउन गरेको प्रयासमा ड्रोनबाट थप सहायता पुग्ने विश्वास उनले गरे ।

## सानिमाले बागमती डेभलपमेन्ट बैंक प्राप्ति गर्ने

सानिमा बैंकले मुख्य कार्यालय सर्लाहीको हरिऔनमा रहेको बागमती डेभलपमेन्ट बैंकलाई प्राप्ति गरी शुक्रबारदेखि सानिमा बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सुरू गरेको छ । हरिवनमा आयोजित कार्यक्रममा बैंकका ब्रान्ड प्रवर्द्धकद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य (मह) तथा सानिमा बैंक सञ्चालक समितिका सदस्यद्वय भरतकुमार पोखरेल र महेश घिमिरेले संयुक्त एकीकृत कारोबार उद्घाटन गरेका हुन् । प्राप्तिपछि बैंकका शाखा सञ्जालमा हरिवन तथा लालबन्दी शाखा पनि थपिएका छन् । प्राप्तिपछि बैंकको चुक्ता पुँजी ५ अर्ब ३० करोड र शाखा सञ्जाल ४३ वटा तथा एटिएम संख्या ४९ वटा पुगेका छन् ।



# गरिमा र महिमा नै सकियो लोकतन्त्रको



• राजन कार्की
rajan2012karki@yahoo.com

कि हस्तक्षेप गरौं, कि देशको मलामी जान तयार हौं । समयले मृत्युघण्ट बजायो । परिचयसहित बाँच्ने कि मृत्युबरण गर्ने ? निर्णय नेपाली हुँ भन्ने जो कसैले गर्ने बेला आयो ।

निरंकूशता फालेर ल्याएको लोकतन्त्र हिटलरतन्त्र पो परेछ । एउटा व्यवस्था निरंकूश भनेर फालियो र बहुदल ल्याइयो । बहुदल बहुलायो, अचाक्ली भ्रष्टाचार अर्थात बहुदलीय शासनकाल भ्रष्टाचारकाल भनेर आज पनि बदनाम छ । सानो कार्यकालका लागि राजाले शासन हातमा लिए, उनमा सोच थियो, बोध हुनसकेन । अर्थात राजतन्त्रले जनतालाई बुझाउनै सकेन र राजनीतिक दल र विदेशी छलको समायोजनले राजतन्त्रलाई सामन्त र निरंकूशताको पहाड बनाएर बदनाम गरिदियो । जसका कारण आमनागरिक घरघरबाट सडकमा निस्किए । निरंकूशता र सामन्तको अन्त्यका लागि ऐतिहासिक आन्दोलन देखियो । ऐतिहासिक यस अर्थमा पनि कि जनयुद्ध गरिरहेको माओवादीसमेत यो आन्दोलनमा उत्रियो र राजतन्त्र फालेपछि आफ्नो जगजगी हुने सपना देखेर जंगलबाट लोकतन्त्र भन्दै सडकमा आएको हो ।

आन्दोलन सफल भयो । गणतन्त्र आयो, गणतन्त्र नामको नेतातन्त्रले हिन्दुराष्ट्र खायो, राजतन्त्र खायो र जनताको शान्तिसुरक्षा अमनचैन खायो । अव देश निल्ने सुरसार गर्दैछ । सुरसाको मुखजत्रो भइसक्यो नेतातन्त्रको महामारी । लोकतन्त्रमा लोकनेता हुनुपर्ने हो, भ्रष्ट नेता पो जन्मिए । स्याउँस्याउँ । जता हेर्‍यो उतै भ्रष्टाचार, जता हेर्‍यो उतै कूशासन । कस्तो दशासनहरूको हातमा परेछ नि लोकतन्त्र, गरिमा र महिमा नै समाप्त भयो लोकतन्त्रको ।

नेता मोटाघाटा खाइलाग्दा भएर के गर्नु, देश र जनता हरिकंगाल हुँदै गएका छन् । नेताहरूको बोलवाला भएर के गर्नु, देश र जनता कायल र घायल भइरहेका छन् । स्वार्थ हेर्ने सबै भए, देश र जनता भन्ने कोही भएनन् । लुटियो, देश लुटियो । चुटिए, जनता चुटिए । फुट्यो, देशको एकता र अखण्डता फुट्यो ।

जर्मनीमा विस्मार्क भन्दा कम थिएनन् नेपालका पृथ्वीनारायण शाह । इटलीका ग्यारीवाल्डीभन्दा सुरवीर, महत्वकांक्षी र देशभक्त थिए महेन्द्र । आफूलाई नेपाली भन्छन्, नेपाल निर्माता पृथ्वीनारायण शाहलाई बिस्तारवादीको आरोप लगाउछन् । महेन्द्रलाई प्रजातन्त्रको दुश्मन भनेर थाक्दैनन, त्यही महेन्द्रको विकासमा नाक फुलाएर शासन गरिरहेका छन् । पृथ्वीनारायण शाहले नेपाल निर्माण गरिदिए, महेन्द्रले नेपालीत्वको जगेर्ना गरिदिए, त्यो नेपाल बचाउनेसम्म पनि कोही भएनन् । सबै मौकामा चौका हान्न र लखनौं लूटमा मस्त छन्, व्यस्त छन् । देशको अस्तव्यस्तता, लथालिंगतालाई समाल्ने, सुधार्ने एकजना नेता पनि देख्न पाइएन ।

राजनीति बिग्रेपछि देश विग्रन्छ । यसैले राजनीतिलाई नीतिहमा राजा भनिएको हो । मूलको पानी र कूलको छोरी भनेर संस्कारको कथन छ समाजमा । राजनीति मूल हो, यो बिटुलो हुँदा, बिग्रदा देशको शासन, प्रशासन अस्तव्यस्त भएको छ । स्पेनलाई इसावेल र फर्डिनान्डले सम्पन्न बनाइदिए, शक्तिशाली बृटेनलाई चर्चिलले जग हालिदिए, हाम्रा नेताहरू विदेशी नेताको फोटोमा आरती उतार्छन्, आफू राजनेता बन्न र देशको गुणगान गाउन चाहदैनन् । यिनै नेताहरू आफूलाई देशभक्तीको ठेकेदार ठान्छन् । कठै हाम्रा नेताहरू, यिनको चर्तिकला देखेर दया लाग्छ ।

बिस्तारवादको तलुवाचाट्नेहरू विदेशीका सामु लम्पसार परेर अहिले पनि भ्रमको खेती गरिरहेका छन् र राज्यशक्तिमा ढसमस्स बसेर डुङ्डुङ्ती गनाइरहेछन् । १० वर्षे जनयुद्ध जनआन्दोलनमा रूपान्तरण भएर लोकतन्त्रको सुरूआत हुदा हामी सबैले माओको चीनमाजस्तै अव नेपालमा पनि आर्थिक विकासको मूल फुटाउने देङसियाओ पिङ जन्मने सपना देखेका थियौं । हाम्रा जनयुद्ध र जनआन्दोलनको राजनीतिक भुङ्ग्रोमा खारिएर निस्केका नेताहरूले मलेसियाको आर्थिक कायापलट गर्ने महाथीर महोमद वा रछ्यानमा भातका सिता टिपेर खाने कोरियाली जनतालँई सम्पन्नताको शिखरमा पुर्‍याउने पार्क गुन हेलाई माथ गर्नेछन् भन्ने विश्वास गरिएको हो ।

दक्षिण अफ्रिकालाई नेल्शन मण्डेलाले मानवाधिकारको शिखरमा पुर्‍याइदिए । नेपालमा पनि नेल्शन मण्डेला भनिने नेताहरू छन् । तिनीहरू स्वार्थको माला जपिरहेका छन् । देशको माला जप्ने, जनताको जयगान गाउने किन कुनै नेता छैनन् ? किनभने नेतामा हुनैपर्ने ठूलो गुण चरित्र हो, हाम्रा नेताहरू चरित्रहीन छन् । यिनको राजनीतिक अभिष्ट भनेकै नङ्गा नाचे हजार दाउ हो ।

जनयुद्धको मैदान नेपाल हो, जनआन्दोलनको मैदान पनि नेपाल हो । जनताको साथ लिएर राजतन्त्र झुकाउने र विस्तारवादीलाई सवक सिकाउने माटो पनि नेपाल हो । तर, ०६३ सालको परिवर्तनपछि जनयुद्धको लाभ भारतले लियो, जनआन्दोलनको शुभलाभ पनि भारतलाई नै पर्‍यो । विस्तारवादको सबक सिकाउने नेताहरू बिस्तारवादको खेताला बन्न पुगेपछि माटो खतरामा छ, देशभक्ति खतरामा छ, स्वाधीनता र सार्वभौमिकता पनि खतरामा परेको अनुभव हुन थालिसक्यो ।

यसैवीच मिलेर बसेका हिमाली, पहाडी र मधेसीलाई पनि अलग अलग पार्ने साजिस गर्न थालेको छ विस्तारवाद । एकता बिथोलिदिएपछि राष्ट्रले अस्तित्व र सतित्व कसरी बचाइराख्न सक्ला र ? देशलाई सम्पन्न, शक्तिशाली र सहज बनाउने नेतृत्वले हो । हाम्रो नेतृत्व न मेहनती भयो, न मानवीय मूल्यमा खरो उत्रियो, न समृद्धिको अर्जुनदृष्टि नै राख्न सक्यो । छानोमा आगो सल्काएर खरानी बेच्ने बनिया र हाम्रा नेतामा भिन्नता देखिन्न । राष्ट्रिय नीति, उद्देश्य, योजनामात्र होइन, शान्तिव्यवस्थासमेत नराम्ररी खलबलिन पुगेको छ । लोकतन्त्रमा चरित्र मूल्यवान हुन्छ, त्यो मूल्यवान चरित्रको अभाव स्यालको सिङ् हराए जसरी हराएको छ । लोकतन्त्र आम नागरिकका लागि इन्तु न चिन्तुको व्यवस्था साबित भइसक्यो ।

विश्वका जो कसैले नेपाल हेर्‍यो, देख्यो, उसका लागि नेपाल प्राकृतिक सुन्दरताको खानी हो । यो सुन्दरतामाथि विस्तारवाद बलात्कार गर्दैछ, विकसित राष्ट्रहरू हामीलाई खेलाउन, उचाल्न र पछार्न लागिपरेका छन् । नेपाल, प्राकृतिक रूपमा संसारमै सुन्दर त छ नै, आधुनिक सामरिक महत्वको भूमि पनि हो । स्ट्राटफरजस्ता सैनिक विश्लेषक संस्थाको किटानी रिपोर्ट पनि नेपाली भूमिबाट एसिया कन्ट्रोल गर्न सकिन्छ भन्ने छ । यसबाट नेपालको महत्व कति छ, भनिरहनु पर्दैन । यसैले उत्तर र दक्षिणमात्र होइन, पश्चिमाहरू पनि नेपालमा कूटनीतिक अड्डा जमाएर राजनीति बगारिरहेका छन् । नेपाल यसै गरेर असंलग्नबाट कहिले कता, कहिले कता संलग्न हुँदै जाने र नेपालीत्व नेताहरूको लहडमा जोखिममा पार्दै जाने हो भने कहिल्यै कसैको उपनिवेश नबनेको नेपाल यतिखेर अघोषित उपनिवेशजस्तो त भइसक्यो, चित्रबहादुर केसीले भनेअनुसार अव नेपाल नरहन सक्ने वातावरण बनिसक्यो ।

एउटा जनयुद्धले १७ हजार मारिए, अव नरसंहार भयो भने कति मारिएलान् ? देशै रहला कि नरहला ? नेपाल बिग्रनुमा नेतृत्व भ्रष्ट भएर हो । यो निष्कर्ष एम्नेष्टी, ट्रान्सप्यारेन्सीदेखि स्वतन्त्र पर्यवेक्षकहरूको हो । नेपालमा विकासका नाममा, सुशासनका नाममा, न्याय र समानताका नाममा कामभन्दा बढी कागजी घोडा दौडाइन्छ । जहू कागजी घोडा दौडिन्छ, त्यहू विकास भाषणमा मात्र सिमित हुनु स्वभाविक हो । नेपालमा अपार स्रोत, साधन, क्षमता, योग्यता केही कुराको कमी छैन । कमी छ त इच्छाशक्ति र इमान्दारिताको ।

हो, आमनेपाली स्वाभिमानी छन्, सहनशील छन् र सरल छन् । शायद लडाकु जातिको पहिचान यही हो । यस्ता जनताका नेता कस्ता ? जनताको यही प्रवृत्तिले नेताहरूलाई नैतिकहीन बनाइसकेको छ । जसको महगो मूल्य राष्ट्र र जनताले चुकाउन थालिसकेको छ । जनयुद्धमा भारत जम्यो, ज्यान नेपालीको गयो । परिवर्तनपछि अवसरवादी र विदेशी हावी भए, हार नेपाल र नेपालीको हुँदैछ । नेतृत्व परजीवी भइदिएपछि नेपालको विमारी सुरू भयो, नेपाल बिग्रदै बिग्रदै गयो । व्यवस्था नीतिमा चल्नुपर्छ । राष्ट्रसूग राष्ट्रिय नीति हुनुपर्छ । वर्तमान कालखण्डमा न व्यवस्था व्यवस्थित छ, न नीति नै कायम छ । कुनै पनि क्षेत्र नीतिमा बाँधिएको छैन । नेता नीतिमा नबाँधिएपछि सुशासन कूशासनमा स्वतः रूपान्तरण हुनेरहेछ । अग्लो नेतृत्व स्वार्थलम्पट भएपछि कसरी धरासायी हुनेरहेछ । फलामलाई खियाले खान्छ, नेतृत्वलाई स्वार्थले सिध्याउने रहेछ । नेतृत्व सिद्धिए हुन्थ्यो, यहाँ त देशै सिद्धिन बेर नलाग्ने आहड सुनिन थाल्यो । नेताहरूमा जनयुद्ध र जनआन्दोलन गर्ने क्षमता र आत्मबल, यतिबेला भिजेको परालजस्तो बन्न पुगेको छ । यिनीहरूभित्र रहेको राजनेता बन्छु भन्ने तत्कालीन सपना शोम शर्माको घैंटो बनिसकेको छ । राणा र राजालाई सत्तोसराप गरेर मात्र के गर्नु, तिनको जत्ति पनि राष्ट्रभक्ति वर्तमान नेतृत्व एकजनामा पनि छैन ।

जनताले खबरदार गर्नुपर्‍यो, युवाहरूले राष्ट्रघातीहरूलाई दण्डित गर्नुपर्‍यो र राष्ट्रियताको जागरण गर्नुपर्‍यो । यति भए नेपाल बाँच्छ, नेपाली बाँच्छन् र यही स्वाभिमानले नेपाल बन्छ ।

> आन्दोलन सफल भयो । गणतन्त्र आयो, गणतन्त्र नामको नेतातन्त्रले हिन्दुराष्ट्र खायो, राजतन्त्र खायो र जनताको शान्तिसुरक्षा अमनचैन खायो । अव देश निल्ने सुरसार गर्दैछ । सुरसाको मुखजत्रो भइसक्यो नेतातन्त्रको महामारी । लोकतन्त्रमा लोकनेता हुनुपर्ने हो, भ्रष्ट नेता पो जन्मिए-स्याउँस्याउँ । जता हेर्‍यो उतै भ्रष्टाचार, जता हेर्‍यो उतै कूशासन । कस्तो दशासनहरुको हातमा परेछ नि लोकतन्त्र, गरिमा र महिमा नै समाप्त भयो लोकतन्त्रको ।



पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

# निर्वाचनका लागि राष्ट्रिय सहमतिको सरकार आवश्यक

२०७४ माघ ७ गते भित्रमा स्थानीय तह, प्रदेश, राष्ट्रियसभा र संघीय संसदको निर्वाचन गराइसक्नुपर्ने संवैधानिक बाध्यता भएपनि अबको एक वर्षभित्रमा यी सबै निर्वाचन हुन सक्ने सम्भावना न्यून रहेको छ । हाम्रो भौगोलिक अवस्था हेर्दा असारदेखि कात्तिसम्म निर्वाचन हुन सक्दैन, करिब पाँच महिना समय त्यत्तिकै बित्ने भएपछि सात महिनाभित्रमा संविधानमा व्यवस्था भएनुसार निर्वाचन नभएमा के होला ? अहिलेको प्रश्न भनेको यही हो । राजनीतिक दलहरुबीच भएको र हुँदै आएको ध्रुवीकरणले गर्दा निर्वाचनलाई प्रत्यक्ष असर पारिरहेको छ, पछिल्लो समयमा संविधान संशोधनको प्रस्ताव संसदमा दर्ता गरिएपछि सत्तापक्ष र प्रमुख प्रतिपक्षलगायत अन्य दलहरुबीचको सम्बन्धमा खासै सुधार आउन सकेको छैन । तर सत्तापक्ष लगायत विपक्षी दलहरुले समेत चुनावी रटान लगाउन छाडेका छैनन् । उनीहरुले जतिसुकै रटान लगाएपनि निर्वाचन सम्बन्धी अत्यावश्यक कानुनहरु नै निर्माण हुन नसकेको अवस्थामा अहिलेकै अवस्था रहे चुनाव भइहाल्छ भनेर विश्वास गर्न सकिने कुनै विश्वासिला आधारहरु देखिएका छैनन् ।

संविधान निर्माणकै क्रममा रहेका बेला संविधान निर्माणको क्रमलाई छाडेर मधेस आन्दोलनमा गएका केही मधेसवादी दहलरुका माग सम्बोधन गर्न भनेर सरकारले संसदमा संविधान संशोधन प्रस्ताव दर्ता गरेपनि प्रमुख प्रतिपक्षी दललगायत सत्तामै रहेको राप्रपा नेपालले समेत संशोधन प्रस्तावमा उल्लेख भएका कतिपय विषयहरुलाई विरोध गरिरहेको छ भने सत्ताधारी दलकै सांसदहरुले समेत त्यसको विरोध गरिरहेका हुनाले सहजरुपमा संविधान संशोधन हुन सक्ने सम्भावना न्यूनरहेको छ । मधेसवादी दलहरुले पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई समर्थन गरिरहेका भएपनि उनीहरुले संविधान संशोधन नभएको अवस्थामा स्थानीय तहको निर्वाचनमा भाग नलिने र मधेसमा निर्वाचन हुन नदिने उद्घोष गरिरहेको अवस्थामा मुलुक झन संकट तर्फ धकेलिन सक्ने सम्भावना बढेको छ । मधेसवादी दलका मागलाई सम्बोधन गर्न भनेर दाहाल नेतृत्वको कांग्रेस–माओवादीबीचको सहमतिले संविधानसभाले प्रस्तावित गरेको पाँच नम्बर प्रदेशलाई टुक्राउन खोजेको भन्दै त्यस क्षेत्रका जनता सडकमै उत्रिएका छन् । अहिले पनि त्यहाँ कुनै न कुनै प्रकारका आन्दोलन भइरहेका हुनाले ५ नम्बर प्रदेश अशान्त छ । त्यहाँका जनताले उठाएका मागहरु सम्बोधन नगरी जबर्जस्ती संविधान संशोधन गर्न खोजिए मुलुक फेरि अर्को द्वन्द्वमा फस्न सक्ने भएकाले सबैको सहमतिमा मात्र संविधान संशोधन गर्नु उचित हुनेछ । समस्याको समाधान जनताको मतबाट मात्र हुनसक्छ, सिंहदरबारको एउटा कोठामा बसेर समस्याको समाधान खोजनुभन्दा जनताको मत लिएरै समस्याको समाधान खोजिए त्यो दिगो र टिकाउ समेत हुनसक्छ ।

संविधानले निर्धारण गरेको निर्वाचन सम्बन्धी मिति आउन अब एक वर्षभन्दा कम भएको हुनाले तत्कालै दलहरुबीच सहमति हुनै पर्दछ । अहिले संविधान समेत कार्यान्वयन हुन सकेको छैन । राजनीतिक दलहरुले पहिला नै संविधान जारी भएको एक महिना नपुग्नै संविधानको पहिलो संशोधन गरेर गल्ती गरेका थिए, अहिले फेरि केही व्यक्तिहरुलाई खुसी पार्ने नाममा अर्को गल्ती गर्ने प्रयासलाई बन्द गरेर निर्वाचनका लागि राष्ट्रिय सहमतिको सरकार निर्माण गर्नु सबैभन्दा उचित विकल्प हुनसक्छ । सबै दलको सहमति अर्थात सबै दल सम्भव नभएपनि कांग्रेस, एमाले, माओवादी, राप्रपा र माधेसी मोर्चासम्मिलित राष्ट्रिय सहमतिको सरकार निर्माण भए सबै तहको निर्वाचन तोकिएको समयमा सम्पन्न हुनसक्छ । निर्वाचन गर्दा संविधान कार्यान्वयनमा जाँदा देखिएका गल्ती कमीकमजोरीलाई पछि आउने संसदले संशोधन गर्न सक्छ । अहिलेको संसद भनेको संविधानसभाबाट रुपान्तरित संसदमात्र भएकाले उसले संशोधनको मुद्दा उठाउनु नै गलत हुनेछ । एककिसिमले अहिलेको संसदले निर्वाचन सम्बन्धी कानुन, नियम र ऐन बनाउने र दैनिक कार्यसञ्चालन गर्ने बाहेक अन्य काम गर्न सक्दैन ऊ एककिसिमले काम चलाउ संसद मात्र हो ।

मुलुकलाई दुरगामी असर पर्ने निर्णय काम चलाउ संसदले गर्न सक्दैन र मिल्दैन पनि । त्यसैले ठूला दलको सहमतिमा राष्ट्रिय सहमतिको सरकार निर्माण गरी एकसुत्रीय हिसाबले त्यस्तो सरकारले निर्वाचन गर्ने कर्यालाई पहिलो सूचीमा राखेर अघि बढ्नु उपयुक्त निकास हुनसक्छ । राजनीतिक दलहरुले आफ्नो पार्टीगत स्वार्थ र व्यक्तिगत स्वार्थलाई हेरेर मुलुक र जनतालाई बन्धक बनाउन पाउँदैनन् । जनताको हित नै पार्टीहरुको मुख्य उद्देश्य भएमा तत्कालै सबै समस्याहरुको समाधान हुनसक्छ, त्यसैले अब दलहरुले कुनै विलम्ब नगरी राष्ट्रिय सहमतिको सरकार निर्माण गर्न तर्फ लाग्नु उचित हुनेछ । पार्टीगत र व्यक्तिगत स्वार्थले गर्दा मुलुकलाई अनिर्णयको बन्दी बनाउन पाइँदैन । पार्टीगत तिक्तता र व्यक्तिगत स्वार्थ त्यागी मुलुकको हितका लागि राष्ट्रिय सहमतिको सरकार निर्माण गरी निर्वाचन गराउन हामी सबै राजनीतकि दलहरुसँग आग्रह गर्दछौं । यदि २०७४ माघ ७ गतेसम्ममा सबै तहको निर्वाचन नभएको खण्डमा दलहरुले फेरि संविधान संशोधन गरेर एकवर्षे म्याद बढाउन सक्ने सम्भावना समेत रहेकाले त्यस्तो कार्य नगर्नका लागि समेत हामी राजनीतिक दलहरुलाई आग्रह गर्दछौं ।

# यसकारण असम्भव छ जेठमा स्थानीय चुनाव



• देवेन्द्र चुडाल
devendrachudal@gmail.com

आउँदो चैत्रभि त्र स्थानीय निकायको निर्वाचन गराउने मुख्य उद्देश्य बोकेर गठन भएको पुष्पकमल दाहाल नेतृत्वको सरकारले चैतमा होइन, जेठभित्रमा समेत स्थानीय निकायको निर्वाचन गराउन नसक्ने सम्भावना बढेर गएको छ । राजनीतिक दलहरूबीच उत्पन्न विवाद र राजनीतिक अनि प्राविधिक कारणले गर्दा जेठभित्रमा स्थानीय निकायको निर्वाचन असम्भव देखिएको हो । निर्वाचन आवश्यक भएपनि दाहाल सरकारले निर्वाचनलाई पहिलो प्राथमिकतामा राख्न नसकेको र निर्वाचन सम्बन्धी कानुनहरू निर्माण गर्न अग्रसरता नदेखाएको हुनाले दाहाल सरकारले स्थानीय निकायको निर्वाचनलाई देखाएर आफ्नो सत्ताको आयु मात्र लम्ब्याउन चाहेको विस्तारै प्रमाणित हुँदै गएको छ ।

२०७३ मंसिर १४ गते मध्यरातमा दाहाल सरकारले संविधान संशोधन प्रस्ताव संसदमा दर्ता गर्नु र पुस २४ गते प्रमुख विपक्षी दललगायत अन्य दलहरूको विरोध हुँदाहुँदै संशोधन प्रस्तावलाई संसदमा टेबल गर्नुले राजनीतिक दलहरूबीच तिक्तता बढेको छ । प्रमुख प्रतिपक्षी दलले संविधान संशोधनको प्रस्ताव बाहेक निर्वाचन सम्बन्धी कानुनहरू निर्माण गर्न र पारित गर्न आफूहरूले कुनै अवरोध नपुर्‍याउने सर्वाजनिक उद्घोष गरिरहेको अवस्थामा सरकारले निर्वाचन सम्बन्धी कानुनहरू निर्माण गरी किन संसदमा पेश गर्न सक्दैन ? निर्वाचन सम्बन्धी सबै कानुनहरू निर्माण भइ निर्वाचन आयोगलाई प्राप्त भएको घटीमा १ सय २० दिन पछि मात्र निर्वाचन गराउन सक्ने निर्वाचन आयोगले सरकारलाई पहिला नै जानकारी गराइसकेको अवस्थामा दाहाल सरकारका मन्त्रीहरूले भने झैँ चैत, वैशाखमा कसरी निर्वाचन सम्भव छ ? जनतालाई ढाँट्नका लागि उडन्ते कुरा गरेर जनतालाई उल्लु बनाउने सोचमा दाहाल सरकार पुगेको भए ऊ आफैं उल्लु हुँदै गएको छ । अहिलेकै अवस्थामा चैत, वैशाखमा होइन, जेठमा समेत निर्वाचन हुन सक्दैन भन्नेमा जनता ढुक्क भएका छन् ।

निर्वाचन आयोगले अबको एक साताभित्रमा निर्वाचन सम्बन्धी कानुन दिएर निर्वाचनको घोषणा गरेमात्र जेठ महिनाभित्रमा निर्वाचन गराउन सकिन्छ भनेर प्रमुख निर्वाचन आयुक्तले सर्वाजनिक रूपमै घोषणा गरिसकेका र अहिलेको अवस्थामा एकहप्ताभित्रमा निर्वाचन सम्बन्धी कानुन आयोगलाई दिन सकिने अवस्था सरकारसँग नरहेको हुनाले जेठमा निर्वाचन असम्भव रहेको छ । निर्वाचन सम्बन्धी सबै कानुनहरू निर्माण गरी निर्वाचनको प्रस्ताव संसदमा टेवल गरेको र संशोधन प्रस्ताव परिमार्जनसहित पारित भएपछि मात्र मधेसी मोर्चा स्थानीय तहको निर्वाचनमा जान तयार हुने भएकाले पनि जेठमा निर्वाचन असम्भव रहेको छ । संविधान संशोधन प्रस्ताव पारित हुन सक्ने सम्भावना न्यून रहेको र त्यही विषयलाई देखाएर मधेसी मोर्चा चुनावमा जान चाहँदैन । त्यसैले पनि जेठमा स्थानीय निकायको निर्वाचन असम्भव रहेको छ । अहिलेसम्म स्थानीय तहको विषयमा राजनीतिक दलहरूबीचमा विवाद कायमै हुनु र सरकारले समेत टुंगो लगाउन नसक्नुले पनि निर्वाचन असम्भव रहेको छ । मधेसी मोर्चाले संविधान संशोधन भएपछि मात्र निर्वाचनको मिति तोक्नु पर्ने माग सत्ताधारी दलसँग राखेको र मोर्चा आफ्नो मागमा अडिग रहेको अवस्था एकातिर छ भने अर्कोतिर संविधान संशोधनको प्रस्ताव कसरी कहिले पारित हुन्छ वा फेल हुन्छ भन्ने ग्यारेन्टी छैन । संविधान संशोधन प्रस्ताव असफल भएको खण्डमा मधेसी मोर्चा निर्वाचनमा जान तयार होला ? निर्वाचन मिति घोषणा भएपछि पनि निर्वाचन आायेगलाई घटीमा १ सय २० दिन आवश्यक पर्ने भनाई निर्वाचन आयोगको रहेकाले पनि माघ महिनाभित्रमा यी सबै कुरा मिले पनि जेठ अन्तिम सातामा मात्र निर्वाचन गराउन सक्ने अवस्था देखिन्छ, तर त्यसबेला निकै ढिलो भइसकेको हुन्छ, मधेसमा वर्षायाम सुरू हुने समय भएकाले सहजरूपमा निर्वाचन हुन सक्दैन ।

निर्वाचन सम्बन्धी कानुनहरू निर्माण भइ संसदमा दर्ता भएपछि पनि विधेयकको रूपमा पारित हुन कम्तीमा ४५ दिन लाग्न सक्छ । फास्टट्र्याकबाट कानुन पारित गराउन दलहरूबीच सहमति हुन सक्ने सम्भावना नहुने हो भने महिनौसम्म विधेयक संसदमै अड्किरहन सक्छ । त्यसैले गर्दा पहिले नै राजनीतिक दलहरूबीच सहमति भएको खण्डमा मात्र ४५ दिनभित्रमा विधेयक पारित गराउनुपर्ने अवस्था देखिन्छ भने अर्कोतिर स्थानीय तह पुनःसंरचना आयोगको प्रतिवदेन सरकारले बुझे पनि त्यसलाई स्वीकार गर्न सकेको छैन । कतिपय विषयहरूमा आयोगको प्रतिवेदन विवादमा परेको छ भने विभिन्न जिल्लाबाट स्थानीय बासिन्दाले प्रतिवेदनको विरोध गरिरहेको अवस्था विद्यमान रहेको छ । गाउँपालिका र नगरपालिकाको सीमांकन र केन्द्रमा समेत विवाद रहेको छ । पहिला यी सबै विवादहरूको समाधान नगरी हचुवाका भरमा स्थानीय तहको निर्वाचन गराउँछौं भन्ने सरकारको भनाइमा अहिलेसम्म कुनै सत्यता देखिएको छैन । फेरि सबै राजनीतिक दलहरूले पहिला स्थानीय तहको निर्वाचन गराउने कि संघीय संसदको गराउने भन्नेमा कुनै निर्णय नै गर्न सकेका छैनन् । पछिल्लो समयमा केही राजनीतिक दलहरू पहिला संसदीय निर्वाचन गराउनुपर्छ भन्न थालेका हुनाले पनि स्थानीय तहको निर्वाचन जेठ महिनाभित्रमा पनि असम्भव जस्तै देखिएको छ । सत्ताघटक दलहरूले मधेसी मोर्चालाई मनाएर संविधान संशोधन गर्ने प्रयास गरेपनि अहिलेकै अवस्थामा सत्तामै रहेका केही दलहरूले संविधान संशोधनको पक्षमा लाग्न नसकिने सार्वाजनिक उद्घोष गरेका हुनाले संविधान संशोधनको प्रस्ताव प्रक्रियामा लैजाँदा असफल भएको खण्डमा के मधेसी मोर्चा सहजरूपमा निर्वाचनमा जाला ? संविधान संशोधनको प्रस्ताव टुंगो लागेपछि मात्र स्थानीय तहको निर्वाचनको घोषणा गर्नुपर्ने मोर्चाको मागलाई सरकारले वेवास्ता गर्न सक्ने अवस्था देखिँदैन । दाहाल सरकारलाई मोर्चाले समर्थन गरेको र आफ्ना मागहरू वेवास्ता गरेको खण्डमा उसले दाहाल सरकारलाई दिएको समर्थन फिर्ता लिनसक्ने धम्की दिएको हुनाले मोर्चाको समर्थन विना दाहाल सरकारले स्थानीय तहको निर्वाचनको मिति घोषणा गर्न सक्ने कुनै सम्भावना नै छैन । पुनःसंरचना आयोगले पेश गरेको प्रतिवेदनका बारेमा सत्ताधारी दल कांग्रेस, माओवादी, मधेसी मोर्चाभित्रै चर्को विवाद रहेको छ । पहिला ति विवादको समाधान हुनु आवश्यक छ, तर आजसम्म प्रतिवदेनका बारेमा कुनै छलफल र बहसै भएको छैन । आयोगले दिएको प्रतिवेदन सरकारले स्वीकार गर्ने वा नगर्ने भनेर अहिलेसम्म कुनै निर्णय नै गर्न नसकिरहेका बेला पहिला त्यसको निर्णय हुनु आवश्यक छ । आयोगको प्रतिवेदन म्यान्डेट अनुसार आएको छ–छैन भनेर सरकारले अध्ययन गर्न सक्छ र म्यान्डेट अनुसार नभए परिमार्जन गर्न सक्ने अधिकार सरकारलाई रहेको हुनाले पहिला प्रतिवेदनका बारेमा सरकारको भनाई बाहिर आउनु आवश्यक छ ।

सरकारले आयोगको प्रतिवेदन स्वीकार गर्ने हो भने मन्त्रिपरिषद्ले त्यसलाई पारित गरी गाउँपाकिला र नागरपालिकाको संख्यासहित राजपत्रमा प्रकाशित गरेपछि मात्र त्यो लागू हुन्छ । तर, मधेसी मोर्चाको विरोध र सरकार गिर्ने डरले गर्दा आयोगको प्रतिवेदन सरकारले जस्ताको जस्तै पारित गराउनसक्ने कुनै सम्भावना देखिँदैन । कतिपय गाउँपालिका र नगरपालिकाको सीमा मिलेको छैन भने ती गाउँपालिका र नगरपालिकाका केन्द्र कहाँ हुने भन्ने मै अन्योल रहेको अवस्थामा पहिला यी सबै समस्याहरूको समाधान नगरी स्थानीय तहको निर्वाचन असम्भव रहेको छ । गाउँपालिका र नगरपालिकामा कति वडा हुने भन्नेमा समेत राजनीतिक दलहरूबीच सहमति हुन सकेको छैन भने माथि उल्लेख गरिएका समस्याहरू यति सजिलै समाधान होला भनेर विश्वास गरिहाल्ने कुनै आधारहरू नदेखिएको हुनाले अहिलेकै अवस्थामा स्थानीय निकायको निर्वाचन जेठभित्रमा हुन सक्दैन । यदि जेठमहिनाभित्रमा स्थानीय निकायको निर्वाचन हुन नसकेको खण्डमा २०७४ माघ ७ गतेभित्रमा सबै तहको निर्वाचन असम्भव हुने र अन्तयमा गएर संविधान नै संशोधन गरेर अर्को एकवर्षको म्याद थप्ने तयारीमा दलहरू लाग्न सक्ने सम्भावना बढेर गएको छ । दलहरूको असक्षमता र असफलता अनि सरकारको राजनीतिक इच्छाशक्तिको कमीका कारण नै समयमा निर्वाचन हुन नसकेको खण्डमा त्यसको जिम्मेवारी कांग्रेस, एमाले, माओवादीसहित मधेसवादी दलहरूले लिनुपर्छ । निर्वाचन अपरिहार्य आवश्यता हुँदाहुँदै त्यसलाई टाल्न खोज्नुसँग पार्टीगत स्वार्थ समेत गाँसिएको छ ।

# राष्ट्रियताको मौलाउँदो खेती

**मुरारी ढुंगेल**

केही समयदेखि नेपालको राजनीतिमा 'राष्ट्रियता' शब्द तथा राष्ट्रवादी भावनाले बढी महत्व पाएको छ । आफ्नो दल, संघसंगठन मात्र होइन, आजकल त एक्लो व्यक्ति पनि नेपाली राष्ट्रिय झन्डा बोकी राष्ट्रियता धरापमा परेको चिन्ता लिएर राष्ट्रवादी भावना व्यक्त गर्दै सडकमा हिंडेको देख्न पाइन्छ । देशका दल, संघसंगठन राष्ट्रियताको रक्षा गर्न जन्मिएका हुन् भन्ने प्रचारबाजी दिनानुदिन बढ्दो छ । यसरी सबैमा राष्ट्रियताको चिन्ता देखिनु पक्कै पनि राम्रो हो । तर, आफू अनि आफ्नो दल मात्र राष्ट्रियताको पक्षधर र अरूचाहिँ सबै अराष्ट्रिय त◻व हुन्, देशद्रोही हुन् भन्नेजस्ता अभिव्यक्ति जतासुकै सुनिनु पक्कै पनि राम्रो नहोला ।

आजकल नेताहरूका धेरैजसो भाषण तथा अन्तर्वार्ताहरूमा राष्ट्रियताको विषयमा चिन्ता व्यक्त गरेको पाइन्छ । तर, चिन्ता साँच्चै यहाँ राष्ट्र अनि राष्ट्रियताको हो कि सत्तामा पुग्ने नारा मात्र हो ? जनता बुझ्न चाहिरहेका छन् । जनताले उनीहरूको भनाइमा विश्वास गर्न सक्ने खालका गतिविधि हालसम्म कुनै पनि दलले देखाउन सकेका छैनन् । नेपाली जनता आफ्नो राष्ट्रियताको विषयमा जति चिन्तित छन्, त्योभन्दा बढी चिन्तित यहाँका राजनीतिक दल पो भएका हुन् कि भन्ने देखिन्छ । भलै त्यसो हुनसके राम्रै हो, तर वास्तविकतामा त्यस्तो व्यवहार हालसम्म कुनै पनि दलको देखिएको छैन ।

इतिहासमा सबैभन्दा बढी राजा महेन्द्रले राष्ट्रियताको कुरा उठाएका थिए, त्यसैले उनी अरूभन्दा बढी राष्ट्रवादी थिए भन्ने सुनिन्थ्यो । त्यसपछि पञ्चायतविरोधी विभिन्न दल आफ्नो आन्दोलनमा पनि बारम्बार राष्ट्रियताको मुद्दा उठाएरै पञ्चायती व्यवस्था ढाल्न सफल भए । यही राष्ट्रियता खतरामा परेको नारा अनवरत रूपमा हालसम्म जारी छ । सत्तामा पुग्दा चुपचाप रहने दल सत्ताच्यूत हुनेबित्तिकै ठूलो स्वरमा हुँकार गर्दै राष्ट्रियतामाथि खतरा बढेको देख्छ । देश विखण्डनकारी तथा विदेशी शक्तिले आफ्नो सरकार ढालेको देख्छ । सत्ताको स्वाद नलिएका दल तथा संगठनहरु अरु सबैलाई अराष्ट्रिय तत्व देख्छन् । उनीहरु सबै आफू मात्र राष्ट्र रक्षार्थ रहेको प्रचार गरिरहेका हुन्छन् । राष्ट्रियताको मुद्दा दिनानुदिन पेचिलो मात्र बन्दै छैन, यो आफैँमा राजनीतिक दलहरूलाई सत्तामा पुऱ्याउने भऱ्याङसमेत बन्दै गएकोजस्तो देखिइरहेको अवस्थामा जनताले के र कसको भरोसा गर्ने ? जनतामा चिन्ता बढ्दो छ ।

हिजो महेन्द्रकालमा राजनीतिक दलहरूले नेपालको राष्ट्रियता नै धरापमा परेको प्रचार गरेर पञ्चायतविरूद्ध जनतालाई एकत्रित मात्र गरेनन्, व्यवस्था नै परिवर्तन गर्न सफल भए । त्यसरी नै वर्तमानमा कोही आफू सत्तामा पुगेपछि राष्ट्रियताको नाउँमा जनतालाई हिजो गरिएको राष्ट्रिय हितविपरीतका असमान सन्धिसम्झौता खारेज गर्ने, क्रान्तिकारी भूमिसुधार लागू गर्ने, जमिनमाथि जसको जोत उसैको पोतजस्ता नारा दिई नेपाली राजनीतिमा राष्ट्रियताको पाटोलाई आकर्षक बनाउने आश्वासन बाँड्छन् भने कोही हिजो राजाको शासनकालदेखि नै आफू राष्ट्ररक्षक तथा राष्ट्रियता जगेर्ना गर्न ठूलो भूमिकामा भएको भन्दै वर्तमानमा पनि आफूजस्तो राष्ट्रियताको संरक्षक अरु कसैलाई देख्दैनन् । आफूलाई अरूभन्दा बढी राष्ट्रियतामाथि निगरानी राख्ने, राष्ट्रभक्त दलका रूपमा प्रस्तुत गरिनुले राष्ट्रियताको नारा अझ दर्विलो सत्ता हत्याउने सजिलो अस्त्र बन्दै गएको छ ।

राष्ट्र बलियो भए राष्ट्रियता यसै बलियो हुन्छ भन्ने हेक्का दलहरूलाई हुनुपर्ने हो । तर, त्यस्तो आभास झल्कने गतिविधि दलहरूमा पाइँदैन । राज्यभित्र हुने एकता र अपनत्वको भावनालाई राष्ट्रिय भावनामा पुऱ्याउन सकियो भने राष्ट्रियता बलियो हुन्छ । तर, देशको अस्तित्व नै खतरामा पुऱ्याउनुमा राजनीतिक दलहरु नै दोषी छन् भन्ने आरोप लाग्ने गरेको छ । राजनीतिक दलहरूले नै निजी तथा दलगत स्वार्थमा विदेशीलाई खेल्ने ठाउँ दिएर आज राष्ट्र नै संकटको अवस्थामा पुगेको आरोप लगाउँछन् स्वतन्त्र राजनीतिक विश्लेषकहरु ।

नेपालमा बाहिरी देशलाई गाली गर्नु मात्र राष्ट्रियता ठानिन्छ । जसले जति धेरै बाहिरी देशको विरोध गर्न सक्यो ऊ अरूभन्दा बढी राष्ट्रप्रेमीजस्तो बुझिन्छ । जुन नितान्त गलत छ । देशभित्रको आन्तरिक भावनालाई बलियो र संगठित बनाउन सकियो भने बाहिरी आक्रमणले असर पुऱ्याउन सक्दैन । एउटै राज्यभित्र पनि विभिन्न समुदाय हुन्छन् । त्यस समुदायभित्र भिन्न-भिन्न जातजातिको बसोवास हुन्छ, जसको भिन्नाभिन्नै राष्ट्रिय भावना हुन सक्छ । ती सबैको भावनाको सम्मान हुनु नै आन्तरिक राष्ट्रियता बलियो बन्नु हो । एउटा देशभित्रको कुनै समुदायको भावनामा चोट पुऱ्याउनु भनेको आन्तरिक राष्ट्रियता कमजोर हुनु हो । हाल देशमा देखिएको आन्तरिक कलहले हामीभित्रको राष्ट्रियता कमजोर बनेको पक्कै हो । यस्तो अवस्थामा अराष्ट्रिय तत्वहरूले राष्ट्रियतामा आँच पुऱ्याउन सक्छन् । विभिन्न अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरु धमिलो पानीमा माछा मार्ने दुस्साहस गर्न सक्छन् । त्यसको पनि हामी सबैले निगरानी राख्न सक्नुपर्छ । राष्ट्रियताको रक्षा गर्नु आजको आवश्यकता हो । व्यक्ति, समुदाय, दल, दलका भ्रातृ संगठन तथा सरोकारवाला निकाय सबैले वेलैमा जिम्मेवारी बहन गर्दै एउटै राज्यमा रहेको हरेक समुदायको राष्ट्रिय भावनाको कदर गर्न सक्नुपर्छ ।

> राष्ट्र बलियो भए राष्ट्रियता यसै बलियो हुन्छ भन्ने हेक्का दलहरूलाई हुनुपर्ने हो । तर, त्यस्तो आभास झल्कने गतिविधि दलहरूमा पाइँदैन । राज्यभित्र हुने एकता र अपनत्वको भावनालाई राष्ट्रिय भावनामा पुऱ्याउन सकियो भने राष्ट्रियता बलियो हुन्छ । तर, देशको अस्तित्व नै खतरामा पुऱ्याउनुमा राजनीतिक दलहरू नै दोषी छन् भन्ने आरोप लाग्ने गरेको छ ।

# मधेशमा शीतलहर र सरकारको नीति

**रानीशर्मा तिवारी**

देशमा जुनसुकै प्रकारको दैवीप्रकोपको घटना घटे जहाँ र जुनसुकै समुदायमा घटे पनि सरकारले राहत र पुनर्स्थापनाको काम समान रूपमा संचालन गर्नु पर्दछ । दैवीप्रकोपको घटनाको प्रकार वा दैवीप्रकोपको घटना घटेको क्षेत्र वा सुदायको आधारमा राहत र पुनर्स्थापना कार्यमा फरक हुनु हुँदैन र कुनै पनि जिम्मेवार सरकारले यसो गर्दैन पनि । त्यसै गरी राज्यले हरेक समुदायका जनताको जायज सरोकारलाई समाधान गर्नुपर्छ । कुनै पनि समुदायले उठाएका जायज मागलाई विना भेदभाव पुरा गर्नु पर्दछ । माग कुन समुदायले गरेको हो त्यस आधारमा समाधानको उपायमा भिन्नता हुनु हुँदैन । तर नेपालमा भने मधेशमाथीको विभेद दैवीप्रकोपको उद्धार, राहत र पुनर्स्थापनाको क्षेत्रमा समेत कायम रहेका यथार्थ मधेशी समुदायले लामो समयदेखि अनुभव गर्दै आएका छन् ।

अहिलेको लोकतान्त्रिक परिवेशमा समेत यसमा परिवर्तन हुन नसकेको अनुभुति मधेशमा गरि राखिएको छ । पहाडमा पहिरो जाँदा, केही व्यक्ति मात्र प्रभावित हुँदा जिम्मेवारीपूर्वक हर्कतमा आउने सरकार मधेशमा बाढीबाट लाखौं मानिस प्रभावित हुँदा समेत गैरजिम्मेवार भएर बसिरहने प्रवृति सरकारमा विगतदेखि नै देखिँदै आएको छ । मधेशको दक्षिणी क्षेत्र डुबानमा परेको बेला राजमार्ग छेउका गाउँमा राहत सामग्री बाँडेर सरकारी टोली फर्किएको गैरजिम्मेवार घटना समेत भएका छन् विगतमा ।

मधेशमा वर्सेनी हुने आगलागीका घटना र बाढी तथा डुबानको समस्यामा सरकारको ध्यान नै जाँदैन । यही हुने गरेको छ शीतलहरको सवालमा पनि । मधेश हरेक वर्ष शीतलहरबाट प्रभावित हुँदै आएको छ । प्रत्येक वर्ष चिसोले कठाङ्गिएर कैयौं व्यक्तिको मृत्यु हुने गरेको छ । हरेक वर्ष जब शितलहरबाट केही व्यक्तिको मृत्यु हुन्छ अनि सरकारी निकायले औपचारिकताका लागि केहीशहरी क्षेत्रमा आगो बाल्ने कर्मकाण्ड पुरा गर्छ । तर ग्रामिण क्षेत्रमा भने हालत उही हुन्छ । चिसोले मरिरहेका जनतालाई राहत पुर्याउन सरकारलाई कुनै मतलब नै हुँदैन । मौसम विभागले दिएको जानकारीको आधारमा मधेशमा चिसो बढ्नु अगाडि जनचेतना फैलाउने सूचना दिन सकिन्छ । तर राज्य त्यसप्रति उदासीन छ ।

सम्भावित अवस्थाका लागि तयार रहनुपर्ने सरकारी निकाय मधेशमा शीतलहर आउने पूर्व अनुमानका बावजुद कुनै तयारी नै गर्दैन । मधेश र मधेशी जनताको पीडाले राज्यलाई छुन सकेको देखिँदैन । सरकारी संयन्त्र मात्र होइन स्वघोषित नागरिक समाज र राहतको काम गर्ने संघ संस्थाहरु समेत देशमा केही नभए जस्तो गरिबसेका छन् । पहाडको दैवीप्रकोपमा तत्काल प्रतिकृया जनाउँदै उद्धार र राहतमा जुट्ने नेपाल सरकार मधेशका लाखौं मानिस दैवीप्रकोपको चपेटामा पर्दा कुनै मतलब नगर्ने र गरिहाले पनि उत्तर पट्टीका शासक समुदायको बसोवास भएको क्षेत्रमा मात्र उद्धार र राहत कार्य संचालन हुन्छ ।

अर्कोतर्फ, संविधान जारी हुनु अगाडि प्रस्तावित ६ नं प्रदेशका केही ठाउँमा प्रदर्शन भएको भरमा सातौं प्रदेश बनाएको सत्ताधारी दलहरूले मधेशमा भएको आन्दोलनमा मधेशीमाथी निर्मम दमन गर्दै संविधान जारी गर्यो । करिब साढे चार दर्जन मधेशीहरु शहिद हुँदा समेत प्रदेशको सीमांकन परिवर्तन गर्न आवश्यक देखेन राज्यले र मधेशी जनताको आन्दोलनलाई उपेक्षा गरी रह्यो । अहिले संसदमा पेश गरिएको संविधान संशोधनको प्रस्तावमा ५ नम्बर प्रदेशबाट केही पहाडि जिल्ला हटाउने निर्णयका विरूद्ध पहाडि जिल्लामा सरकारमा सामेल दलहरु समेतको सहकार्यमा एमालेले केही दिन प्रदर्शन गरेकै भरमा संविधान संसोधनलाई थाँती राख्ने निर्णयमा सरकार पुगेको छ ।

हुन त यो संशोधनले मधेशको मागबमोजिम सीमांकन गरेको थिएन तथापी आफैले संशोधन प्रस्ताव पेश गर्ने फेरी आफ्नै नेताकार्यकर्तालाई सोही संशोधन विरूद्ध प्रदर्शन गर्न पठाउने काँग्रेस-माओवादीको दोहोरो चरित्रले मधेशलाई कसरी बेकुफ बनाउँछ वा सम्झिन्छ सत्ताधारी दलहरूले भन्ने स्पस्ट हुन्छ । पहाडि जिल्लालाई ५ नम्बर प्रदेशबाट अलग गर्ने प्रस्तावको विरूद्धमा काँग्रेस-माओवादीका नेताकार्यकर्ता उत्रेको घटनाबाट ती दलमा रहेका मधेशी नेताकार्यकर्ता जसले अनौपचारिक रूपमा मधेश मुद्दालाई समर्थन गर्छन् तर खुल्ने आँट गर्दैनन् । तिनले पनि सिक्न र यस सवालमा नेतृत्वसँग प्रश्न गर्न जरूरी छ ।

मधेशका लाखौं जनता महिनौंसम्म आन्दोलन गर्दा, साढे चार दर्जन मधेशी शहिद हुँदा, हजारौं थारु भारत पलायन हुँदा र सयकडौं थारूका घर प्रहरी प्रशासनको संरक्षणमा जलाइँदा मौन बसेका अझ भनौं मधेशी र थारूका आन्दोलन विरूद्ध लगातार विषबमन गरेका सत्ताधारी दलहरु पहाडमा सत्ताधारी खस आर्य समुदायका केही व्यक्तिका समूहहरूले दुई चार दिनप्रदर्शन गर्दैमा तिनका माग मान्न तत्काल तयार हुन्छ । यी र यस्ता व्यवहारबाट नेपालको सत्ता नश्लवादमा आधारित भएर अगाडि बढिरहेको प्रस्ट छ ।



मधेशमा मतका लागि झर्ने, ठुला ठुला प्रतिवद्धता व्यक्त गर्ने अनि मत लिएर आएपछि सबै मधेशीलाई बिहारी, धोती अर्थात विदेशी देख्ने प्रवृति र मानसिकतामा संगठित भएका काँग्रेस, एमाले, माओवादी, राप्रपाहरूको यस्तो व्यवहारले मधेशलाई केवल 'भोट बैंक'को रूपमा ती दलहरूले प्रयोग गरिरहेको अनुभूति मधेशी जनताले गर्न थालेका छन् । अहिलेको गणतान्त्रिक लोकतन्त्रमा समेत सरकार र राजनीतिक दलहरूको यस्तो विभेदकारी र उपनिवेशवादी व्यवहारले नेपालको लोकतन्त्र एउटा समुदायको लागि मात्र आएको अनुभूति मधेशले गरिरहेको छ । सरकार र सरकारी संयन्त्रको यस्तो व्यवहारले मधेश र मधेशी समुदायप्रति उदासीन भएको मात्र होईन गैरजिम्मेवार समेत भएको प्रष्ट हुन्छ । नेपालको सरकार र शासक समुदायको यस्ता व्यवहारले देशभित्र भावनात्मक विभाजनको रेखालाई मजबुत बनाइरहेको छ ।

एउटै देश भित्रको एउटा समुदायमाथी परेको विपत्तिलाई राष्ट्रिय विपत्तिको रूपमा सोच्ने, व्यवहार गर्ने र घोषणा पनि गर्ने अनि अर्को समुदायमाथी परेको विपत्तीलाई मतलब नै नगर्ने, ध्यान नदिने अनि एउटा समुदायका केही उग्र साम्प्रदायिक समूहले गरेको अराजक र औचित्यहिन प्रदर्शनलाई राष्ट्रिय र राष्ट्रियताको आन्दोलन देख्ने, बन्द गराउन प्रहरी प्रशासनले सहयोगी भूमिका निर्वाह गर्ने तर अर्को समुदायका आमजनसमुदायले गरेको शान्तिपूर्ण आन्दोलनमा दमन र हत्या गर्ने, माग पुरा गर्नुको सट्टा राष्ट्रियता माथी प्रश्न उठाउने व्यवहारले राष्ट्रिय एकता र राष्ट्रिय एकतालाई कुनै पनि हिसाबले मजबुत बनाउन सक्दैन । बरु विस्तारै दुईवटा समुदायको विचमा विभाजनको रेखा कोरिने मात्र होईन राज्यसँग नाता तोड्ने मनस्थिति समेत विकसितहुन सक्छ विभेदमा परेको समुदायको ।

त्यसै पनि मधेश विभेदको सवालमा मौन विरोध वा विद्रोहको मनस्थितिमा छ । त्यसमाथी यसरी प्रत्यक्ष रूपमा भेदभाव भइरहेको कारण मधेशको विद्रोहको मानसिकता अझ प्रबल हुँदै गएको छ । राज्यको यस्तो व्यवहारले मधेशमा अलग देशको माग गरिरहेका समूहहरूलाई बलियो बनाउँदै लगेको र नेपालमा कहिले समाप्त नहुने विभाजनको रेखा कोरिन थालेको छ ।

(मधेश दर्पण फिचर सेवा)

# सार्वभौम राष्ट्रमा जनताको अधिकार

**अवध किशोर प्रसाद**

के नेपाल वास्तवमा सार्वभौमसत्ता सम्पन्न राष्ट्र हो ? यदि छ भने ? यहाँका नेताहरु यति किन डराइरहेका छन् ? यहाँका नागरिक आफ्नै हक अधिकारको माग उठाउँदा देश नै टुक्रिने छ रे ? देशको सार्वभौमिकता खतरामा पर्छ कसरी ? जवाफ छैन ।

मधेशी नेताहरु भारतीय दुतावास गयो रे । त्यसमा डर, मधेशी नेताहरु दिल्ली गयो । त्यसमा डर, थर-थर काम्ने किन ? कहीं न कहीं किन्तु परन्तु छ । मधेशीसँग बेइमानी गरिएको छ र उनीहरुको अधिकार खोसेको छ । त्यसैले मधेशीसँग डराइरहेको छ । मेरो बेइमानी उनीहरुले थाहा पाइसक्यो । मलाई समात्छ कि चोरलाई डर भइरहन्छ । त्यस्तै डर यहाँ छ । मधेशीको सर्वस्वहरण सानो कुरा होइन । २५० वर्षदेखि गुलाम बनाइरहेकोमा अब आफ्नो अधिकार नलिई छाडनेवाला छैन ।

हकअधिकार माग्दा देश टुक्रिने कुरा कहाँबाट आयो ? प्रदेशको सीमांकन सच्याउनुमा देशको अखण्डता खण्डित हुन्छ कसरी ? आन्तरिक कुरा बाह्य बन्न गयो कसरी ? नेपालको अखण्डता र सार्वभौमिकता नक्कली त होइन ? असली छ भने के को डर ? तर असली लाग्दैन ।

संविधान परिवर्तनशील हो । समय सापेक्ष सुधार हुन्छ तर अहिले अडान लिएको छ संविधानको औचित्य के ? के इमान्दार नेतालाई बोध छैन ? मधेशीसँग बेइमानी भइराखेको छ । मतलब नेपालको अखण्डता बलियो छैन । आन्तरिक सिमाना सच्याउनुमा खण्डित हुन्छ मधेश । यसको सिधा मतलब छ मधेश आफ्नो होइन । अरूको छ कही फुत्काइदिन्छ कि, लगेर भाग्छ । होइन ? नक्कली संप्रभुता कति दिन ? असली त एक दिन सामुने आउँछ नै । असली राष्ट्रवादी को त ? मुखौटा लगाएर टुडिखेलमा जो डान्स हुन्छ, त्यस्तो डान्स अब चल्दैन । राष्ट्रवादको मतलब सधैं भारत विरोध । मधेश विरोध । अब यो नारा पुरानो भइसक्यो ।

डर नं. १. : १८१६ को सुगौली सन्धिको डर । कि १९५० को भारत नेपाल मैत्री सन्धि को डर ? केको डर ? हो । एउटा डर छ । अन्तर्राष्ट्रिय कानूनको डर ग्ल्ड (यूएनओ.) सँग भुठ बोलेको डर नेपालले १९५५ को सदस्यता लिने बखतमा ग्ल्ड ले सोधेको थियो तपाइको देशमा कुनै यस्तो क्षेत्र छ जो स्वतन्त्रता प्राप्तिको हक राख्छ ? नेपालले भुठ बोल्यो । यस्तो कुनै क्षेत्र छैन । तर मधेश यस्तो क्षेत्र हो जुन स्वतन्त्रता प्राप्तिको हक राख्दछ । मधेशको सुपुर्दगी, मधेशी जनताको समर्थन विना नै भएको छ । जो कि अवैध छ हेर्नुस् संयुक्त राष्ट्र प्रकाशन S.T/D.P.I/SERA/173/REVI अंग्रेजी पृष्ठ 8 April 1957 U.N.O. को काठमाडौं इाष्भ्भ वा कानून मन्त्रालयमा पनि हेर्न सकिन्छ । तर मधेशी जनता नेपालीसँगै बस्न चाहन्छ । नेपालीले चाहँदैन ।

डर नं. २. : एउटा अर्को डर पनि छ । विखण्डनको सन्दर्भमा देशको मजबुती र एकताका लागि स्थिरता, साम्प्रदायिक सद्भाव, आजिविका र मजबुत अर्थव्यस्था अपरिहार्य छ । यो चार स्तम्भ हो । स्थिरताको लागि सहिष्णुता जरूरी छ । तर यहाँ सहिष्णुता छैन । ईर्ष्या र द्वेष छ । मधेशीको "म" पनि सुन्न चाहँदैन । विचारवान कुमायु ब्राह्मण नेताहरु आफू कुमायू (भारतको) तर मधेशीलाई इन्डियन भन्ने । मधेशी शहीदको अपमान गर्ने, किरा मकोरा भन्ने, सडेगलेको भन्ने । अहिलेसम्म देश टुटेको छैन भने आश्चर्यको कुरो हो । विचारमा मतभेद हुन सक्छ । तर मतभेद हुन हुँदैन । यहाँ त मतभेद त मनमा नै दुष्ट भाव छ । देश इमानदारीमा चल्छ । बेइमानीमा होइन । देशमा एउटा पनि राजनेता छैनन् । सबै क्षेत्रीय नेता हुन् । यो जिल्ला हाम्रो हो । टुक्रनु हुँदैन । यो जिल्ला हाम्रो मधेशमा जान हुँदैन यो देश हाम्रो हो । यो मधेश हाम्रो हो भन्दैन । हाम्रो मैदानमा को छ त राष्ट्रियस्तरका नेता ?

डर नं.३. : सहिष्णुता छैन जे मन लाग्यो, मधेशको विरुद्धमा बोलिदियो । खसवादी लेखकहरु सबै पत्रपत्रिकामा मधेश विरोधी लेख लेख्नु आफ्नो कर्तव्य सम्फन्छन् । सधैं प्रश्न उठाउँछन् संविधान संशोधन कसका लागि ? अधिकारका लागि । के यो लाग्दैन कि मधेशीसँग बेइमानी गरी रहनु भएको छ । अहिलेसम्म यो महसुस भइरहेको छैन भने बेइमानीको यो पराकाष्ठा हो । देश इमानदारीले चल्छ । बेइमानीले होइन । देउवाजी ओलीलाई सम्फाउनु हुन्छ । मधेशी आफ्नै दाजुभाई हो । यसको मतलब आफ्नो दाजुलाई मानीरहेको छैन । गैर नै मानि रहेको छ । प्रष्ट छ । गैर छौं भने तपाईंसँग किन बस्ने र शान्तिपूर्वक पनि बाँडफाँड हुन्छ । हतियारले मात्र हुँदैन । भाई साहव मधेशीको कार्यको परीक्षा कति दिनसम्म लिइरहने । एक दिन त धौर्यताको बाँध टुट्छ । यस्तै रहयो भने भारतीय मनसाय पनि यस्तै लाग्छ । कि नेपाल भारतीय प्रदेश जस्तै हो । यस भावनालाई नेपाली नेता बल पुऱ्याई रहेको छ होइन त ? दोष मधेशी नेतालाई दिने गर्छ । मधेशी नेता दिल्ली र भारतीय दूतावास गयो भने राष्ट्रघाती र पहाडी नेता गयो भने राष्ट्रिय सम्मान ? मधेशी नेता भारतीय सरकारको पोषक तत्व हो । मधेशीको कुनै अस्तित्व नै छैन । यस्ता सोचले देशलाई कहिलेसम्म अखण्ड राख्न सकिन्छ ?

डर नं. ४. : नेपालका पहाडी शासकको एउटा अरु पनि डर छ । फादर लैंडको अदृश्य अधिकार । नेपाल त मदरलैण्ड हो तर फादर लैण्ड नि ? फादर लैंड को त ? निश्चय नै भारत होइन र ? भारतको मनसाय पनि छैन कि नेपाल हाम्रै अंश हो । स्वतन्त्र देश त नाम मात्रको हो । त्यसैले बराबर आन्तरिक मामिलामा हस्तक्षेप हुँदैछ । शायद उत्तर छिमेकीको पनि मौन समर्थन छ । इतिहास कोल्टाएर हेर्नुस् । तराईको नक्सा परिवर्तन गर्न चाहेमा के उत्तर छिमेकी नैतिक रूपले बोल्न सक्छ ? अथवा रूस, अमेरिका र युरोपीयन यूनियन विरोधमा आउँछ ? मधेशी त स्वायत मधेश मात्रै चाहन्छ । पहाडी (नेपाली)सँग मिलेर बस्न चाहन्छ । तर गैरमधेशीहरु चाहँदैनन् । एउटा हिन्दीमा उखान छ "गज नहीं हारेंगे, थान हो रगे" त्यस्तै नहुन जाओस् ।

संविधान ९० प्रतिशत साँसदले पास गरिएको तर ९० प्रतिशत साँसद मात्र १२% जनताको प्रतिनिधित्व गर्छ । बाँकी ८८ प्रतिशत जनता विभेदकारी संविधानलाई किन मान्ने ?

समान जनसंख्याको आधारमा प्रतिनिधित्व दिन्छ भने सँसदमा मधेशीहरूको प्रतिनिधित्व हुन्छ । के सधैं पहाडीहरूको नै बर्चश्व रहोस् ? मधेशीको बहुमत हुनु हुँदैन ? यो कुविचार हो । मधेशी पहाडीको कुरा कहाँबाट अयो ? बहुमत जसको होस् । पहाड हिमाल तराई सब एक छ । यो बोलीमा मात्रै सीमित रहनु भनेको मनमा भयंकर विभेद लुकेको छ । मोरंग, सुनसरी, भापा मधेश होइन ? यदि हो भने पहाडमा किन जानु पर्ने ?

एमाले नेता भन्छन्, समतल जमिन चाहिन्छ भने विहार, युपीतिर जाउँ । विहार, युपीलाई नेपालमा किन नमिलाई लिने ? तर विहार, युपीलाई नेपालमा मिलाउन सकिन्छ कि विहार युपी, मधेशलाई नै विहार, युपीमा मिलाई लिन्छ । यो त पावर पावरको कुरा हुनेछ ।

तराईको जनसंख्या भारतीय नक्कली नागरिकतामा मात्र पत्रबाट बढेको छैन । पहाडबाट पहाडीको बसाई सराइबाट बढेको छ । केही दिन पहिलेसम्म भापामा पहाडीको बसाई १४% थियो । अहिले पहाडी जनसंख्या ५६% छ । राजवंशी, थारूलाई भारततिर अन्यायपूर्वक भगाई दिएको हो ।

# लाइसेन्स लिन सास्ती

काठमाडौं । लाइसेन्स लिने प्रक्रियालाई आधा घन्टादेखि १ घन्टामा सीमित गर्ने भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको घोषणा सार्वजनिक खपतका लागि मात्र भएको पुष्टि भएको छ । गत बिहीबार सवारीचालक अनुमतिपत्र फाराम भरेका सेवाग्राहीले सोमबारसम्म पनि प्रयोगात्मक परीक्षा दिन पाएका छैनन् । यसका साथै कहिले उनीहरुको पालो आउँछ भन्ने कार्यतालिकासमेत सवारीचालक अनुमतिपत्र कार्यालयले सार्वजनिक गरेको छैन ।

कार्यालयका कर्मचारीका अनुसार बिहीबार फाराम भरेका सेवाग्राहीको शुक्रबार लिखित परीक्षा र आइतबार प्रयोगात्मक परीक्षा (ट्रायल) हुनुपर्ने थियो । जसअनुसार शुक्रबार लिखित परीक्षा र परीक्षाफल सार्वजनिक गर्नुपर्ने थियो । तर, परीक्षा दिएका करिब ६ सयजनाको सोमबारसम्म परीक्षाफल सार्वजनिक गरिएको छैन । कार्यालयले सोमबार कार्यालय आउन आइतबार सूचना जारी गरेको थियो । तर, सोमबार कार्यालय पुगेका सेवाग्राहीको लाइसेन्स लिने प्रक्रिया अघि बढ्न सकेन । यसका साथै सवारीचालक अनुमतिपत्र कार्यालय एकान्तकुनाले गत बिहीबारदेखि थप लाइसेन्स फाराम लिएको छैन । यसरी ढिलाइ हुनुमा कम्प्युटर प्रणालीकृत सर्भरमा निरन्तर समस्या आउनुलाई मानिएको छ । सर्भरमा आएको समस्याकै कारण द्रुतगतिमा सेवा प्रदान गर्न नसकिएको सवारीचालक अनुमतिपत्र कार्यालय, एकान्तकुनाका नाम उल्लेख गर्न नचाहने एक कर्मचारीले बताए ।

मन्त्रालयले पछिल्ला दुई हप्ताको अवधिमा काठमाडौं उपत्यकामा थप दुईवटा सवारीचालक अनुमतिपत्र वितरण गर्ने कार्यालय सञ्चालनमा ल्याएको छ । त्यस्तै, अनलाइनमार्फत सवारीचालक अनुमतिपत्रको फाराम भर्न सकिने व्यवस्था गरेको छ । यसले सवारीचालक अनुमपतिपत्र (लाइसेन्स) को फाराम भर्न मध्यरातदेखि लाग्ने भीड केही दिनयता घटेको थियो । तर, सर्भरमा आएको समस्याले पुनः पहिलेकै जस्तो भीड हुन थालेको छ । नयाँ खुलेका कार्यालयमा सवारीचालक अनुमतिपत्र नवीकरण गर्ने काम मात्र हुने गरेको छ । यसले पनि भीड बढेको हो ।

सरकारले उपत्यकामा सवारीचालक अनुमतिपत्र वितरण गर्ने कार्यालयको संख्या तीन (एकान्तकुना, स्वयम्भू र जगाती) पुऱ्याइसकेको छ । यही हप्ता चाबहिलमा पनि थप एक कार्यालय खोलेर चारवटा कार्यालय सञ्चालनमा आउनेछन् । तर, उपत्यकामा लाइसेन्स प्राप्त गर्न आवश्यक पर्ने प्रयोगात्मक परीक्षा (ट्रायल)का लागि दुईवटा मात्र केन्द्र छन् । रामशाहपथस्थित नेपाल ट्रेडिङ लिमिटेडको भवन रहेको स्थानमा चारपांग्रे सवारीसाधनको प्रयोगात्मक परीक्षा हुने गरेको छ भने मीनभवनस्थित यातायात व्यवस्था विभागको प्रांगणमा दुईपांग्रे सवारीसाधनको प्रयोगात्मक परीक्षा हुने गरेको छ । थप गरिएका स्वयम्भू र जगातीमा प्रयोगात्मक केन्द्र छैन । यस्तै यही हप्तादेखि सञ्चालनमा आउने भनिएको चाबहिल कार्यालयमा पनि प्रयोगात्मक केन्द्र छैन । प्रयोगात्मक केन्द्रविनाका कार्यालयले सवारीचालक अनुमतिपत्रको नवीकरणबाहेक अन्य काम गर्न सक्दैनन् ।

यातायात व्यवस्था विभाग, सूचना प्रविधि शाखाका इन्जिनियर राजकुमार महर्जनले सर्भरमा आएको समस्या समाधान भइसकेको जानकारी दिए । 'नयाँ खुलेका तीनवटा कार्यालयलाई विभागबाट लिंक दिने गरिएको थियो । तर, एकान्तकुनामा रहेको प्रणालीसँग जोडिएको लिंक 'डिसेबल' हुँदा काम रोकिएको हो । एकान्तकुनामा अहिले सडक विस्तारको काम भइरहेको र भवनबाहिरका पोलहरु हल्लिँदा पनि सर्भरमा असर पुग्दा समस्या देखिएको इन्जिनियर महर्जनले दाबी गरे ।

## खेलकुद

# पुलिसलाई रूस्लान कप

त्रिभुवन आर्मीलाई ४ विकेटले पराजित गर्दै रूस्लान कप क्रिकेटको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । उपाधिसँगै पुलिसले ३ लाख रुपैयाँ हात पारेको छ भने आर्मीले २ लाखमा चित्त बुझाएको छ । गत संस्करणको फाइनलमा पनि आर्मी पुलिससँगै पराजित भएको थियो ।

मंगलबार कीर्तिपुरमा उपाधिका लागि आर्मीले प्रस्तुत गरेको १४३ रनको




लक्ष्य पुलिसले अन्तिम ओभरको खेल अघि ६ विकेट गुमाएर भेट्टायो । उसका लागि दिपेन्द्र ऐरीले अविजित ४२ रनले बनाए भने कुशल भुर्तेलले ३४ र दिलिप नाथले २४ रन जोडे । विक्रम शोव र जितेन्द्र मुखियाले २/२ विकेट लिए भने अभिनाश कर्णले एक विकेट हात पारे ।

यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको आर्मीले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १४२ रन बनाएको थियो । उसका लागि विनोद भण्डारीले ४० रन बनाए भने राजेश पुलामीले ३८ रन जोडे । नरेश बुढायरले २८ रनको पारी खेले । पुलिसका ललित भण्डारी र ललित राजवंशीले २/२ विकेट लिए ।

प्रतियोगितामा सागर पुन उत्कृष्ट ब्याट्सम्यान र जितेन्द्र मुखिया उत्कृष्ट बलर बने । म्यान अफ दि सिरिज सुनिल धमला बने । प्रतियोगितामा सर्वाधिक छक्का हान्ने कुशल भुर्तेलले हाने । सुर्य लामा उदयमान खेलाडी बन्दा रूस्लान ब्याटल क्याच आरिफ शेख र फस्टेस्ट ५० राजेश पुलामीको नाममा रह्यो । यस्तै प्रतियोगिताभर एक मात्र शतक बन्यो । यो शंकर रानाको नाममा रह्यो ।

# चिनियाँ क्बलको प्रस्ताव टाउरेले गरेर अस्वीकार




म्यानचेस्टर सिटीका मिडफिल्डर याया टाउरेले चिनियाँ क्लबले साताको ४ लाख ३० हजार पाउन्ड दिने प्रस्ताव अस्वीकार गरेका छन् । तर, टाउरेलाई चीनको कुन क्लबले प्रस्ताव गरेको खुलाइएको छैन । टाउरेलाई प्रस्ताव भने गत समरमा गरिएको थियो ।

पेप ग्वार्डिओला सिटीको प्रशिक्षक बनेर आएपछि आइभरी कोस्टका ३३ वर्षीय स्ट्राइकर टाउरेले चीन जाने सोच बनाएका थिए । सुरुवाती दिनमा ग्वार्डिओलाको रोजाइमा पर्न असफल हुन सक्ने संकेतपछि टाउरे चीन जान चाहेका थिए । तर, पछिल्ला खेलमा टाउरेले मौका पाइरहेका छन् भने गोल पनि गरिरहेका छन् । त्यसैले ३१ जनवरीको ट्रान्सफर विन्डो सकिनुअघि चीन जाने विकल्पमा टाउरेले चासो देखाएका छैनन् । त्यसो त टाउरे र सिटीबीचको सम्झौता आउँदो समरमा समाप्त हुँदै छ । प्रशिक्षक ग्वार्डिओलाको रोजाइमा पर्न थालेपछि टाउरेले सिटीसँग थप सम्झौता हुने विश्वास गरेका छन् ।

सिजनको सुरुवातमा मौका नपाएका टाउरे पछिल्लो सात खेलमा पहिलो रोजाइमा मैदान उत्रिएका थिए । सन् २०१० मा सिटीमा आबद्ध टाउरे टोलीका महत्वपूर्ण खेलाडी मानिन्छन् । जर्मन मिडफिल्डर इके गोन्डोगान घाइते भएपछि टाउरेमाथि थप जिम्मेवारी आइपरेको छ । वाटफोर्डविरूद्धको खेलमा गोन्डोगानलाई घुँडामा गम्भीर चोट लागेको थियो ।

# भानगालले लिए सन्यास



म्यानचेष्टर युनाइटेड तथा नेदरल्याण्डका पूर्व प्रशिक्षक लुइस भानगालले २६ वर्षे कोचिङ करियरबाट सन्यास लिएका छन् ।

६५ वर्षीय भानहाल सोमबार नेदरल्याण्ड सरकारबाट लाइफ टाइम एचिभमेन्ट अवार्डबाट सम्मानित भएका थिए । टेलिग्राफका अनुसार उनले पारिवारिक कारणले कोचिङ करियरबाट सन्यास लिएको बताएका छन् ।

एफए कप जितेको केही घण्टापछि मे २०१६ मा युनाइटेडको प्रशिक्षकबाट बर्खास्त भएपछि भानगाल कामबिहीन थिए । २६ वर्षे कोचिङ करियरमा उनी अयाक्स, बार्सिलोना, बार्यन म्युनिख र एजेडको समेत प्रशिक्षक बने ।

# रंगीन खबर

## विष्णुभक्त फुयाँल स्मृति पुरस्कार

रंगकर्मी स्वर्गीय विष्णुभक्त फुँयालको स्मृतिमा 'विष्णुभक्त फुँयाल स्मृति रंगकर्म पुरस्कार' स्थापना भएको छ । यो पुरस्कार कुसुम नाट्य समूहका संस्थापक अध्यक्ष वैकुण्ठ भण्डारीले स्थापना गरेका हुन् । फुँयाल पाँच वर्षयता कुसुम नाट्य समूहका अध्यक्ष थिए ।



भण्डारीका अनुसार नेपाली नाट्य क्षेत्रमा दुई वर्षदेखि सक्रिय लेखक, निर्देशक, रंगकर्मी तथा रंग पत्रकारलाई यो पुरस्कार दिइनेछ । पुरस्कारस्वरूप पाँच हजार नगद र ताम्रपत्र दिइने पनि भण्डारीले जानकारी दिए । नेपाली रंगकर्ममा क्रियाशील रंगकर्मीहरूलाई प्रोत्साहन र विष्णुभक्त फुँयालको निरन्तर सम्फनाका लागि यो स्मृति पुरस्कार स्थापना गरिएको उनले बताए । सांस्कृतिक संस्थानले आयोजना गरेको नाटकमा अभिनय गर्ने क्रममै २०७३ पुस १९ गते नाचघरको रंगमञ्चमा फुँयालको निधन भएको थियो ।

## एकै मञ्चमा दुई प्रतियोगिता

एएनपी मिडिया हाउसले एकै मञ्चमा सौन्दर्यसम्बन्धी दुई प्रतियोगिता मिस कलेज आइकन र लिटिल आइकल-०१७ आयोजना गर्ने भएको छ ।

सहिद दिवसको अवसर पारेर माघ १६ मा नाचघर, जमलमा गर्न लागिएको प्रतियोगितामा राजधानीका विभिन्न कलेज तथा विद्यालयमा अध्ययनरत छात्र-छात्राले भाग लिएको जानकारी आयोजक संस्थाका प्रबन्ध निर्देशक लबबहादुर कार्कीले दिएका छन् ।

विद्यालय तथा कलेजको जाडो बिदाको सदुपयोग गर्दै आयोजना गरिएको मिस कलेज आइकनमा कलेज अध्ययनरत १५ छात्रा प्रतिस्पर्धामा छन् । उनीहरु हुन्- रेखा सुन्दास, कृति श्रेष्ठ, जमुना कार्की, अजेश्ना शाक्य, बिन्दु भट्ट, सुजना पाण्डे, सम्प्यता नेपाल, सलिसा श्रेष्ठ, दिना देके, टासीह्लामु शेर्पा, प्रतिज्ञा थापा, ममता गुरूङ, इस्पा जोशी, श्वेता थापा र पिया कुँवर ।

लिटिल आइकनमा भने राजधानीका विभिन्न विद्यालयमा अध्ययनरत ४१ बालबालिका प्रतिस्पर्धामा छन् । दुवै प्रतियोगिताले प्रतियोगीको व्यक्तित्व विकासमा सहयोग गर्ने दाबी आयोजक संस्थाको छ ।

## त्रिलोकको वरदान

फन्डै सात वर्षको विश्रामपछि एक समयका चर्चित गायक त्रिलोक राना दर्शक-श्रोतामाफ आएका छन्- वरदान लिएर । वरदान उनको नयाँ गीतिएल्बम हो । वरदानमा



आठवटा गीत छन् । उनको यस एल्बमको 'काँडा छोए फूल बन्छ' बोलको गीतको भिडियो पनि हालै सार्वजनिक भएको छ । सुनील मास्केको संगीत रहेको सो गीतको भिडियोमा अभिनेत्री बेनीशा हमाल र अनिल थापाले अभिनय गरेका छन् ।

'श्रोता दर्शकको माया र आशिर्वादले पुनरागमन भएको छ मेरो,' त्रिलोक भन्छन्, 'आशा छ, पहिलाफैं मेरो गीत सुनिदिनुहुनेछ ।' सात वर्षसम्म श्रोतामाफ आउन नसकेको छटपटी वरदानमा समावेश गरेको बताउँछन् । 'दर्शक, श्रोताबाट मैले पहिला जति धेरै माया पाएको थिएँ, अब अफ धेरै मायाको आशा गरेको छु,' उनी भन्छन्, 'वरदानमा एकसे एक सुमधुर गीत समावेश गरेको छु । सबैलाई मन पर्नेमा विश्वस्त छु ।'

सार्वजनिक भएको छोटो समयमै वरदानका गीत चर्चित हुँदै गइरहेकोमा खुसी मानेका छन् त्रिलोकले । भाइब्स क्रिएसनले बजार व्यवस्थापन गरेको वरदानमा ' काँडा छोए फूल बन्छ', 'तिमीलाई छुने हावा भाग्यमानी', ' पहिलो भेटमा तिमीसँग', जलाऊँफैं लाग्छ संसार', 'मुटुमा धुप जलिरहन्छ'लगायतका बोलका गीत छन् । अन्य गीतका भिडियो केही समयपछि निर्माण गरिने उनी बताउँछन् ।

## योन्जनलाई राष्ट्रिय संगीत पुरस्कार

मकवानपुर/ भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान नेपाल मकवानपुरले 'बिजुलीमाया वनः श्रेष्ठ राष्ट्रिय संगीत पुरस्कार' कलासाधक कर्म योञ्जनलाई दिने निर्णय गरेको छ । यो पुरस्कार व्यवसायी कन्हैया कृष्ण श्रेष्ठले आमा बिजुलीमाया वनः श्रेष्ठको नाममा स्थापना गरेका हुन् ।

प्रतिष्ठानले भीम विरागको ८२औं जन्मजयन्तीको



अवसरमा हेटौंडामा विशेष साहित्यिक कार्यक्रम गर्दै माघ १५ गते पुरस्कार अर्पण गर्ने जनाएको छ । मोफसलको सर्वाधिक राशिको संगीत पुरस्कार भनिएको यो पुरस्कारको राशि एक लाख रूपैयाँ हो ।

योन्जन यो पुरस्कार पाउने १०औं व्यक्ति हुन् । २० अक्टोबर १९३७ मा दार्जिलिङको मारिया कटेजमा जन्मिएका योन्जनले दर्जनौं गीतमा संगीत भरेका छन् ।

उनको 'हे फूल चुँडेर लाने हो यहाँ माली, 'देउरालीका ठिटी हो नक्कल पार्नुपर्दैन', 'सारंगीको तारले मेरो मनको गीत गाउँछ, 'तिम्रो जस्तो मुटु मेरो पनि', र 'चिनारी हाम्रो धेरै पुरानो'लगायतका गीत अहिले पनि लोकप्रिय छन् ।

योन्जनको संगीतमा नारायणगोपाल, डेजी बराइलीलगायतका गायकले स्वर दिएका छन् । महाकवि देवकोटाको प्रसिद्ध गीतिनाटक म्हेन्दुको संगीत संयोजन गर्नुका साथै इन्द्रबहादुर राईको उपन्यास जारमा आधारित चलचित्रका संगीतकार पनि हुन्, कर्म योन्जन ।

## पूर्वको संगीत, नाटक र नृत्यको विवरण एउटै पुस्तकमा

पूर्वका कुनाकाप्चामा रहेका संगीत, नाटक र नृत्य क्षेत्रको विस्तृत जानकारी समेटेर एउटै पुस्तक तयार पारिने भएको छ । नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानले प्रदेश नं. १ का १४ वटै जिल्लाको विभिन्न स्थानमा पुगेर संगीत, नाटक र नृत्य क्षेत्रको इतिहासदेखि वर्तमानसम्मको खोज गरी पुस्तक तयार पार्न लागेको हो ।

शनिबार तेह्रथुममा र आइतबार धनकुटामा स्थानीय कला संस्कृतिकर्मीहरूसँग प्रतिष्ठानले गरेको अन्तर्क्रिया पछि यो निष्कर्ष निकालिएको हो । प्रतिष्ठानका सदस्य तथा अनुसन्धान परियोजना संयोजक माधव प्रधानका अनुसार यसका लागि परियोजना संयोजक प्राज्ञ प्रधानसहित खोजकर्ता प्राध्यापक डा. तुलाराज निरौलासहितको टोलीले पूर्वका जिल्लामा खोज गरिरहेको छ ।

## बन्यो ओम्ला फिल्म

याक्खा जातिको संस्कृतिमा आधारित फिल्म ओम्लाको निर्माण सम्पन्न भएको छ । आदिवासी याक्खा जातिको संस्कृतिलाई कथावस्तु बनाएर पहिलोपटक यो चलचित्र बनाइएको दाबी छ । जय हुनमान क्रियसन प्रालिको ब्यानरमा यो चलचित्र निर्माण भएको हो ।

यो चलचित्रको सम्पूर्ण प्राविधिक काम सकिएकाले प्रदर्शनको तयारीमा रहेको निर्माता एवं नायक अजय जिमीले बताए । याक्खाहरूको बसावबास रहेको इलाम, पाँचथर, मोरङ र फापाका साथै राजधानीमा पनि चलचित्र देखाइने निर्माणपक्षले जनाएको छ । सामाजिक कथावस्तुलाई समेटेर चलचित्रका माध्यमबाट याक्खा जातिको संस्कार र संस्कृतिलाई उजागर गर्ने प्रयास गरिएको जिमीले बताए ।

# कर्पोरेट

## धुर्मुस-सुन्तली फाउन्डेसनलाई कृषि विकास बैंकको १५ लाख सहयोग

कृषि विकास बैंकले धुर्मुस-सुन्तली फाउन्डेसनलाई १५ लाख रूपैयाँ सहयोग गरेको छ । बैंकले आफ्नो ५०औं वार्षिकोत्सव अवसरमा आयोजित पत्रकार सम्मेलनमा सहयोग हस्तान्तरण गरेको हो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत लीलाप्रकाश सिटौलाले फाउन्डेसनका संयोजक सीताराम कट्टेल (धुर्मुस)लाई मंगलबार सहयोग रकम हस्तान्तरण गरे । सिटौलाले बैंकको संस्थागत सामाजिक उत्तरदायित्वबापत सहयोग गरेको बताए ।

राष्ट्र बैंकले चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत बैंक तथा वित्तीय संस्थाले आफ्नो नाफाको निश्चित प्रतिशत रकम संस्थागत सामाजिक उत्तरदायित्वमा खर्च गर्नुपर्ने व्यवस्था गरेको थियो ।

सहयोग रकम महोत्तरीको बर्दिबासस्थित एकीकृत मुसहर बस्ती निर्माण गर्न खर्च गर्ने फाउन्डेसनका संयोजक धुर्मुसले बताए । 'पुस्तौंदेखि गरिबीले प्रताडित मुसहर बस्तीमा अब घर ठडिनेछन्,' उनले भने । धुर्मुसले सो बस्तीमा ५० वटा पक्की घर, सार्वजनिक शौचालय, सामुदायिक भवन र पक्की सडक निर्माण गरिने जानकारी दिए । 'युरोपको बस्तीजस्तो बनाउन लागेका छौं,' उनले थपे, 'केही महिनापछि तपाईंहरूले युरोपेली सहर बर्दिबासमा देख्न सक्नुहुनेछ ।'

धुर्मुसले आगामी १ वैशाखमा बस्ती हस्तान्तरण गर्ने घोषणा गरिसकेको पनि बताए । 'रकेटको गतिमा काम गर्ने हो भने मात्रै त्यो सम्भव छ,' उनले थपे, 'द्रुत गतिमा सबैले काम गर्ने हो भने हामी २ वर्षभित्र देश बनाउन सक्छौं भन्ने उदाहरण देखाइदिन्छौं ।'

## ग्लोबल आइएमईलाई आस्वा प्रणालीमा जान अनुमति

ग्लोबल आइएमई बैंकले धितोपत्र बोर्डबाट आस्वा (एप्लिकेसन सपोर्टेड बाई ब्लक्ड एमाउन्ट) प्रणालीको अनुमति पाएको छ ।

बैंकलाई सार्वजनिक रूपमा निष्कासन गर्ने साधारण धितोपत्र (आइपिओ) तथा थप धितोपत्र (एफपिओ) को निष्कासन समयमा लगानीकर्ताबाट दरखास्त फाराम संकलन तथा त्यससम्बन्धी अन्य कार्य गर्न बोर्डले अनुमति दिएको हो ।

अनुमतिपछि बोर्डले लागू गरेको आस्वा प्रणालीमार्फत सेयर लगानीकर्ताले माग गरेको सेयरबापत हुन आउने रकम लगानीकर्ताको बैंक खातामा रोक्का हुनेछ । प्रणालीमा लगानीकर्ताले माग गरेको सेयरबराबरको रकम मात्र खातामा रोक्का भई सेयर बाँडफाँडमा परेको रकम कटौती गरी बाँकी रकम खातामै सुरक्षित रहिरहने सुविधा लगानीकर्ताले पाउनेछन् । बैंकले ग्राहक सुविधालाई लक्षित गरी आस्वा प्रणालीमा आबद्ध भएको जनाएको छ ।

## लक्ष्मी बैंकद्वारा प्रोफेसनल दियालो प्राप्ति

राष्ट्र बैंकबाट क वर्गको इजाजतपत्र प्राप्त लक्ष्मी बैंकले ख वर्गको प्रोफेसनल दियालो विकास बैंकलाई प्राप्ति (एक्विजिसन) गरी कारोबार सुरू गरेको छ ।

प्राप्तिपछि लक्ष्मी बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सुरू भएको हो । प्राप्तिपछि बैंकका ५ वटा नयाँ शाखा काभ्रेमा पाचँखाल र भकुन्डेबेँसी, सिन्धुपाल्चोकमा चौतारा, चितवनमा हाकिमचोक र पोखरा, कास्कीमा चिप्लेढुंगामा विस्तार भएका छन् । बैंकको अब शाखा सञ्जाल ६४ वटा, २ विस्तारित काउन्टर अनि ८० एटिएम पुगेका छन् । बैंकको हाल रहेको केन्द्रीय कार्यालय स्थान हात्तीसार, काठमाडौंमै रहनेछ ।

## सिटिजन्सको इएमभीमा आधारित चिप कार्ड

सिटिजन्स बैंक इन्टरनेसनलले भिसा डेबिट तथा क्रेडिट कार्डलाई इएमभीमा आधारित चिप कार्डबाट जारी गरेको छ । ग्राहकसँग रहेका पुराना म्याद नाघेका म्याग्नेटिक स्ट्रिप कार्ड नवीकरण गर्दा अनिवार्य रूपमा चिप वितरण गरिने बैंकले बताएको छ । म्याद ननाघेका म्याग्नेटिक स्ट्रिप कार्ड परिवर्तन गर्न चाहने ग्राहकका लागि न्यूनतम शुल्क लिई परिवर्तन गरिदिने व्यवस्था मिलाइएको बैंकको भनाइ छ ।

बैंकले हाल नेपाल र भारतमा प्रयोग गर्न सकिने डोमेस्टिक डेबिट र क्रेडिट कार्डका साथै विश्वव्यापी रूपमा प्रयोग गर्न सकिने इन्टरनेसनल डलर डेबिट एवं क्रेडिट कार्ड सञ्चालन गरिरहेको छ । चिपमा आधारित कार्ड प्रयोगबाट कारोबार सुरक्षित एवं भरपर्दो हुने हुँदा डाटा चोरी एवं अनधिकृत कारोबारको सम्भावना न्यून रहने बैंकले जनाएको छ । बैंकले हाल ५८ शाखा र ९७ वटा शाखारहित आधुनिक बैंकिङ सेवाबाट करिब ५ लाख ग्राहकलाई सेवा प्रदान गरिरहेको छ ।

## सिद्धार्थको हकप्रद सेयर निष्कासन

सिद्धार्थ डेभलपमेन्ट बैंक लिमिटेडले विद्यमान सेयरधनीका लागि १०: ६ को अनुपातमा हकप्रद सेयर निष्कासन गर्ने भएको छ । हकप्रद सेयर निष्कासनका लागि बैंक र धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक नबिल इन्भेष्टमेन्ट बैंकिङ लिमिटेडबीच सम्झौता सम्पन्न भएको छ । सम्झौतापत्रमा बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत अजयकुमार मिश्र र नबिल इन्भेष्टमेन्टका तर्फबाट प्रमुख कार्यकारी अधिकृत प्रवीणरमण पराजुलीले हस्ताक्षर गरेका छन् ।

२४ मंसिरमा सम्पन्न बैंकको १७औं वार्षिक साधारणसभाले सेयरधनीहरूमा (बोनस सेयर जारीपश्चात्) १०:६ को अनुपातमा हकप्रद सेयर जारी गर्न निर्णय गरेको थियो । बैंकको हाल १ अर्ब ४१ करोड ९१ लाख ६७ हजार ६ सय रूपैयाँ चुक्ता पुँजी रहेको छ ।

Sajha Express (p.) Ltd.
DOMESTIC & INT 'L COURIER CARGO SERVICE
Head Office Branch Office
Hanumansthan, Anamnagar
Po Box 14189 Kathmandu,
Nepal, Tel .4230789 ,4230269
Barnwal Market, Birgunj
Hari Panta (Branch Manager),
Tel. 051-526809 , 9855021524

## ग्यासमा....

ग्यास अत्यावश्यक वस्तुमा पर्ने हुँदा यसलाई प्राथमिकतामा राखिएको र अधिकांश मुलुकमा ग्यासमा भ्याट छुट दिइँदै आएको छ । ग्यासमा भ्याट लागू हुँदा उद्योगीहरूलाई मात्र फाइदा पुग्ने गरेको छ । सरकारले गलत नीतिगत निर्णय गर्दा उद्योगीहरूले त्यसको फाइदा उठाउँदै आएका छन् । त्यही कमिशनको लोभमा परेर ग्यास उद्योगीहरूको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । ग्यासको भ्याट हटाउँदा राज्यलाई घाटा हुँदैन, उद्योगी र होटल व्यवसायीहरूले भ्याट फिर्ता पाउने हुँदा उनीहरूलाई यसमा फाइदा पुग्छ ।

आम उपभोक्ताले ग्यासको भ्याट फिर्ता लिन सक्ने सम्भावना नभएकाले आम उपभोक्तालाई राहत दिन कि त छुटै मूल्यमा सर्वासाधारण उपभोक्तालाई भ्याट बाहेकको मूल्यमा ग्यास उपलब्ध गराउने निर्णय गरिनु आवश्यक छ । सर्वसाधारण जनाताले खरिद गरेको ग्यासको भ्याट पनि उद्योगीहरूले फिर्ता लिने गरेका हुनाले उद्योगीहरू भने रातारात मालामाल भइरहेका छन् भने आम उपभोक्ता सरकारीस्तरबाटै ठगिँदै आएका छन् ।

सरकारको दायित्व र कर्तव्य भनेको आफ्ना नागरिकलाई सर्वसुलभरूपमा सबै अत्यावश्यक वस्तुहरू उपलब्ध गराउनु नै हो । तर नीतिगत निर्णय गरी सर्वसाधारण जनतालाई नै सरकारले ठगी गरिरहेको अवस्थामा ग्यासमा लाग्ने भ्याट छुट गरिनु आवश्यक छ । ग्यासमा भ्याट छुट गरेका आम जनताले ११ सय ७५ रूपैयाँ २२ पैसामा प्रतिसिलिण्डर ग्यास खरिद गर्न सक्छन् । अहिले होटल व्यवसायीहरूलाई भ्याट छुट भयो आम नागरिकको भने ढाडै भाँचिएको अवस्थाको अन्त्य हुनैपर्छ । आपूर्तिक मन्त्रालयले त्यसको समाधान गर्नै पर्छ ।

## न्यायपरिषद् नै...

न्यायपरिषद्को ध्यानार्षण गराउँदै त्यस्तो चेतानवी दिएका हुन् । सरकारी वलिकबाट उच्च अदालतको न्यायाधिशमा एकजना सिफारिस गरिएको थियो । सरकारी वाकिलले परिषद्को निर्णयलाई निकृष्ठ अभ्यासको संज्ञा समेत दिएका छन् । न्याय सेवाको सबै वरिष्ठता क्रममा रहेका उलेख्य संख्यामा रहेका सरकारी वकिलहरूलाइ उपेक्षा गर्दै संविधानको भावना र मर्म विपरित सिफारिस गरिएको निष्कर्ष वैठकपछि जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । न्यायसेवाका अन्य सेवामा रहेका जनशक्तिको तुलनामा सरकारी वकिलबाट न्यायाधिस नियुक्तीमा गरिएको सिफारिस अन्यत्तै न्यून र समानुपातिक सिद्धान्त प्रतिकुल छ । प्रधानन्यायाधीस सुशील कार्की नेतृत्वको न्यायपरिषद्बाट न्यायाधीस सिफारिसका लागि गरिएको निर्णयले सरकारी वकिल तथा अधिकृत कर्मचारीहरूलाई किनारामा पारिएको ठहर वकिल समाजले गरेको छ ।

प्रत्येक क्षेत्रमा राजनीतिक भागवण्डाका आधारमा यसअघि पनि नियुक्ती गरिंदै आएको थियो । यसभन्दा पहिला पनि जिल्ला अदालतमा न्यायाधीस नियुक्ती हुँदा भागवण्डामै गरिएको र केही न्यायाधीशहरू नियुक्त भएकै दिन नेकपा एमालेको केन्द्रिय कार्यालय बल्खुमा गएर वरिष्ठ नेताहरूलाई भेटेका थिए । जनतालाई निष्पक्ष र स्वच्छ न्याय दिनुपर्ने दायित्व बोकेका न्यायाधीशहरू राजनीतिक दलहरूको भागवण्डामा नियुक्त हुनेभएपछि अदालतको गरिमा समेत समाप्तीको बाटोमा लागेको छ । पछिल्लो समयमा उच्च अदालतमा नियुक्त गरिएका न्यायाधीशहरू मध्येका केही न्यायाधीसहरू नयाँ संविधान लागू भएपछि अवकाशमा गएका थिए । २८ जना त्यसरी अवकास गएका मध्ये १० जनालाई पुनः नियुक्त गर्नु र अरूलाई न्यायपरिषद्ले सिफारिस नगर्नुले न्यायपरिषदले न्याय गऱ्यो त ? प्रधानन्यायाधीश सुशील कार्कीको ३३ प्रतिशत महिला न्यायाधीस पुऱ्याउने प्रतिद्धता कता हरायो ? अवकासमा परेका २८ जना मध्येका केही महिला न्यायाधीस सिफारिसमा किन परेनन् ?

## ह्वीप...

संविधान संशोधनको पक्ष वा विपक्षमा निर्णय समेत नगरेको बताएका थिए ।

देशका ठूला नेताहरू विदेशी राष्ट्रका ठेकेदार भएको आरोप लगाउँदै सांसद् भण्डारीले भने भारतीय प्रधानमन्त्री मोदीलाई देखाउन पनि संविधान संशोधन प्रस्ताव असफल बनाउनु पर्छ । जनताको चाहनाअनुसार संसदबाट निर्णय हुनुपर्नेमा उनले जोड दिएका थिए । संविधान कार्यान्वयन गर्न नसक्ने सरकार सत्तामा बसिरहनु आवश्यक नभएको बताउँदै उनले ९० प्रतिशत जनताले बनाएको संविधान १० प्रतिशतले नमान्दा उनीहरूकै पछि लाग्ने भन्दै संविधान कार्यान्वयनमा लाग्न सरकारलाई आग्रह गरेका थिए । यसरी सत्तारूढ दलकै सांसद संविधान संशोधनको विपक्षमा रहेका बेला कसरी संविधान संशोधन होला ?

## राप्रपा भन्छ...

अवस्था रहे मुलुकले कोर्ष परिवर्तन गर्छ, गणतन्त्र, सघीयता, धर्मनिरपेक्षता रहदैन, राजतन्त्र फर्किन्छ, फर्किन्छ । यथास्थितिमा संविधान संशोधन गर्न सरकारमा जाँदैनौं, गएका मन्त्रीलाई पनि फर्काउनु पर्ने हुनसक्छ । संविधान संशोधनको औचित्य पुष्टि हुनसकेको छैन । यही कुरा राप्रपाका अर्का बरिष्ठ नेता डा.प्रकाशचन्द्र लोहनीले पनि व्यक्त गरेका छन् । हामी सरकारमा प्राविधिक रूपमा मात्र छौं । हामीलाई कुनै कुरा सोधिन्न, बोधार्थबाट थाहा पाइन्छ । यस्तो सरकारमा बस्नु र नबस्नुको औचित्य छैन । यस्तो अन्यौल र अपमानजनक स्थितिमा सरकारमा जाने होइन, सरकारले गम्भीरता देखाउँदैन भने गएका मन्त्रीलाई पनि फिर्ता बोलाउँछौं ।

राप्रपा अरू कडा रूपमा प्रस्तुत हुनथालेको छ- तीन दल मिलेर गणतन्त्र ल्याएका हुन् । देशलाई समृद्धि बनाउन गणतन्त्र ल्याएका हुन् । गणतन्त्रको रक्षा गर्न नसकेपछि राजतन्त्र फर्काउनुको विकल्प छैन । तीन दलको विवाद र अडानको कारण जनता राजतन्त्र नै ठिक भन्ने पक्षमा देखिएका छन् ।

मूलुकलाई असफल पार्ने यिनै हुन्, यिनले देशलाई छिन्नभिन्न र अस्तव्यस्त बनाए । अब जनताको बलमा कोर्ष परिवर्तन गर्नुपर्ने भयो । तीन दलले यो परिवर्तन रोकेर रोकिने अवस्था छैन् । देशमा देखिदै गएको गम्भीर समस्या समाधान गर्न राजतन्त्रको आवश्यकता छ । बेलायतमा ११ बर्षपछि राजतन्त्र फर्किएको थियो । नेपालमा १२ बर्षपछि राजतन्त्र फर्किने स्थिति बनिसक्यो ।

## राजनीतिक र...

राष्ट्रपति विद्यादेवी भण्डारीले आफन्तसँग भनेको सुन्नेहरूको प्रतिक्रिया छ- पूर्वराजाको सहभागिताले छोरीको विहेको सफलता झन बढी भयो । अर्थात कमरेड विद्या भण्डारी खुशीले गद्गद् भइन्, गौरवान्वित भइन् । पूर्वराजा आइदिदा बिहेको समारोहको रौनक नै अर्कै भयो ।

विहेमा जान त सबै तह र तप्काका व्यक्तित्वहरू गएका थिए । पूर्वराजा आइदिदा विहेको ओज र आकर्षण नै अर्कै भयो, पूर्वराजामा राजनीतिक र सांस्कृतिक तेज त रहेछ नि । अझै पनि पूर्वराजाको विहेमा भएको सहभागिताको चर्चा कूटनीतिक र राजनीतिक बृत्तमा बाक्लै चलिरहेको छ ।

# ६० वर्ष नाघेका किसानलाई पेन्सन दिने तयारी

काठमाडौं । कृषि विकास मन्त्रालयले ६० वर्ष नाघेका मुलुकभरका सबै किसानलाई पेन्सन उपलब्ध गराउन छलफल थालेको छ । किसानलाई पेन्सन उपलब्ध गराउने सम्बन्धमा वैकल्पिक अध्ययन समाजले दिएको प्रतिवेदनमा थप अध्ययन गर्न मन्त्रालयका सहसचिव काशीराज दाहालको संयोजकत्वमा कार्यादल गठन गरिएको छ । सोही कार्यदलले २० वर्ष खेती गरेर ६० वर्ष नाघेका सबै किसानलाई पेन्सन उपलब्ध गराउन छलफल अघि बढाएको हो ।

मन्त्रालयको संयोजकत्वमा वैकल्पिक अध्ययन समाजले किसानलाई पेन्सन उपलब्ध गराउने विषयमा प्रतिवेदन पेस गरेको थियो । सो प्रतिवेदनमा सिन्धुपाल्चोक, सिरहा, चितवन, खोटाङ, लमजुङ, कैलाली र मुगुका गरिब गाविसका किसानबाट पेन्सन वितरण सुरू गर्न सिफारिस गरेको थियो । तर, सीमित संख्यामा मात्रै पेन्सन उपलब्ध गराउँदा विवाद निस्कन सक्ने आँकलन गर्दै मन्त्रालयले मापदण्डमा परेका देशभरकै किसानलाई पेन्सन उपलब्ध गराउने तयारी भएको हो । कार्यदलका संयोजक दाहालले दीर्घकालीन महत्वको कार्ययोजना भएकाले सबै किसानलाई एकसाथ समेटेर अघि बढ्नुपर्ने आवश्यकता रहेको बताए । 'सीमित क्षेत्रका किसानबाट मात्रै पेन्सन वितरण सुरू गर्दा अप्ठ्यारो पर्न सक्ने देखियो,' उनले भने, 'त्यसैले थोरै ढिला गरेर भए पनि मापदण्डमा पर्ने देशभरका सबै किसानलाई पेन्सन उपलब्ध गराउन थाल्नुपर्छ भनेका छौँ ।'

समुदाय, कृषि सेवाकेन्द्रलगायत स्थानीय सरकारी निकायको सिफारिसका आधारमा २० वर्षदेखि खेती गरिरहेका ६० वर्षभन्दा बढी उमेरका किसान छनोट गर्न सकिने अवधारणा छ । यस्तो मापदण्डमा परेका किसानलाई तत्कालै मासिक २ हजार ५ सय रूपैयाँ पेन्सन उपलब्ध गराउन प्रतिवेदनले सिफारिस गरेको छ । चालू आर्थिक वर्ष ०७३/७४ बाटै किसानलाई पेन्सन वितरण सुरू गर्ने मन्त्रालयको तयारी छ । यसबाहेक मन्त्रालयले पेन्सन कोष खडा गर्ने र त्यसमा किसानले योगदान गरेपछि पेन्सन पाउन थाल्ने अवधारणा पनि बनाएको छ ।

किसान पेन्सन कार्यक्रमका लागि चालू आर्थिक वर्ष ०७३/७४ का लागि १ करोड रूपैयाँ विनियोजन भएको छ । यो रकम अध्ययन र आवश्यक छलफल र तयारीका लागि मात्रै भएको दाहालले जानकारी दिए । 'पेन्सन वितरण कार्यक्रम लागू गर्न थप बजेट चाहिन्छ,' उनले भने, 'त्यसका लागि कार्यक्रमको पूर्ण अवधारणा बनाएर अर्थ मन्त्रालयमा पेस गर्छौं ।'

मन्त्रालयले किसान पेन्सन वितरणका लागि वैकल्पिक अध्ययन समाजलाई परामर्श नियुक्त गरेको थियो । समाजले प्रतिवेदन दिइसकेको छ । त्यस विषयमा मन्त्रालयले थप छलफल गरी टुंगो लगाउनेछ । त्यसपछि आवश्यक बजेटका लागि अर्थ मन्त्रालयमा पेस हुन्छ । अर्थले कार्यक्रम र बजेट स्वीकृत गरेपछि योजना आयोगमा पुग्छ । आयोगले स्वीकृति दिए पनि कृषि मन्त्रालयले मन्त्रिपरिषद्मा फाइल पेस गर्नेछ । र, मन्त्रिपरिषद्ले स्वीकृति गरेपछि कार्यक्रम लागू हुनेछ ।

## सांसदले गरे सहकारीको उद्घाटन

पर्सा /पर्सा चोर्नी ८ स्थित अविरल बचत तथा ऋण सहकारी संस्थाको पर्सा क्षेत्र नम्बर २ का सांसद विचारी यादवले उद्घाटन गर्नु भएको छ । देश विकासमा सहकारी संस्थाको महत्वपुर्ण भुमिका रहेको, विशेष गरी गाउका जनताहरूलाई आर्थिक कारोबार गर्न सजिलो भएको, सहकारीको विकास भएसंगै उच्च व्याजमा ऋण लिनुपर्ने समस्याबाट गाउका जनताले मुक्ति पाएको चर्को व्याज खानेको काम खत्म भएको सांसद यादवले बताए । कार्यक्रममा ने.कपा उमालेका नेताहरू प्रभु हजरा,किसोरी कुशवाहा,युवा नेता रामकिशोर सिंह पराग,अकलेश साह,रेडियो सिमराका मनोज पौडेल लगायतकाले शुभकामना व्यक्त गरेको थिए । संस्थाका अध्यक्ष अनिल तिवारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहजिकरण संस्थाका सदस्य रंजन यादवले गरेका थिए ।

कुसुमलाल श्रेष्ठ

## मधेसी मोर्चा...

मोर्चाले पुस २८ गते न्यायपरिषद्द्वारा नेपालको संविधान २०७२ को धारा ३८, ४० र ४२ तथा न्यायपपिरषद ऐन २०७३ को दफा ५ को गम्भीर उल्लंघन गर्दै उच्च अदालतका लागि ८० जना न्यायाधीशको सिफारिस असमावेशी, असम्वैधानिक रहेको ठहर समेत गरेको छ । उक्त निर्णयका विरूद्धमा सबै विरोध कार्यक्रममा ऐक्यबद्धता जनाउने निर्णय समेत मोर्चाले गरेको छ । न्यायपरिषदले गरेको सिफारिसविरूद्ध एकातिर नेपाल बारले समेत विरोध जनाइरहेको छ भने अर्कोतिर विभिन्न राजनीतिक दल र संघसंगठनहरूले समेत विरोध जनाएका छन., तर न्यापरिषद्का अध्यक्ष र दुई सदस्यहरू अब कुनै हालतमा पनि निर्णय नसच्चिने बताउँदै हिँडिरहेका हुनाले सर्वोच्च र नेपालबार पनि आमुनेसामुने हुने अवस्था सिर्जना भएको छ । केही कानुनविद्हरूका अनुसार निर्णय प्रक्रिया नै गलत रहेको छ । न्यायपरिषद्का दुई सदस्यलाई बाहिर राखेर तीनजनाले मात्र निर्णय गर्नु न्यायसंगत देखिँदैन, त्यहाँ केही न केही कैफियत भएको ती कानुनविद्ले बताएका छन् ।


दुई मात्र सन्तान
सुरक्षित भविष्यको
आधार ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

छिटो, छरितो, भरपर्दो, सरल

सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला ।



सम्पर्क: ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८

Yeti Airlines
You come first
www.yetiairlines.com

Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.

Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com
•Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७८०२९५, मो. : ९८४१२५४८८५ • इमेल : abhiyan.weekly@yahoo.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार